# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १०  अंक ४९  काठमाडौं  आइतबार, २८ जेठ २०८०  Prabhab National Daily  Sunday, June 11, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-


## यसपटक मनसुनमा ढिलाइ, वर्षा पनि कम



**काठमाडौं (प्रस)–** पछिल्ला दिनहरूमा तापक्रम बढ्दा मनसुनमा भने ढिलाइ हुने भएको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार सामान्यतया जेठ ३० बाट मनसुन सुरु हुनुपर्ने भए पनि यसपटक ढिला हुने जनाएको हो । 'नेपालमा मनसुन प्रवेश गर्ने भनेको १३ जुन हो । तर, अहिले ड्राइ कन्डिसन नै प्रोसेस भइरहेको छ,' विभागकी मौसमविद् शान्ति कँडेलले भनिन् ।

विभागका अनुसार सोमबार कोशी, मधेस र बागमती प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थानहरूमा र मधेश प्रदेशलगायत बाँकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ-गर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनायो । साँझ सोही प्रक्रिया जारी रहने विभागको पूर्वानुमान छ । विभागले मंगलबार ३० गते सोही प्रक्रिया जारी रहने उल्लेख गरेको छ ।

अरब सागरमा बढिरहेको साइक्लोन प्रणालीका कारण मनसुनमा ढिलाइ हुने मौसमविद् कँडेलको भनाइ छ । 'अरब सागरमा साइक्लोन भएको कारण भारतमा मनसुनको प्रगति नहुने तर पूर्वबाट मनसुन छिर्ने देखिन्छ,' कँडेलले भनिन्, 'यो केही दिन ढिला हुने देखिन्छ । १३ जुनमा भित्रनुपर्नेमा १५/१६ मा मात्र भित्रिने देखिन्छ ।'

यसपटक वर्षाको मात्र कम हुने (बाँकी पृष्ठ २ मा)

- जेठको अन्तिमबाट मनसुन सुरू हुनुपर्नेमा यसपटक असार लागेपछि मात्र वर्षा हुने
- मनसुन सुरू भएको पहिलो हप्ता वर्ष भए पनि अर्को हप्ता लाग्दा सुक्खा लाग्ने

### 'हिट वेभ'बाट कसरी जोगिने ?

**काठमाडौं (प्रस)-** नेपालमा पछिल्लो समयमा तातो हावाको लहर (हिट वेभ) जारी छ । यो तराईका जिल्लामा बढ्दो छ । तापक्रम वृद्धि हुँदा जनजीवन प्रभावित भएको छ भने कृषि बालीमा असर परिरहेको छ । यो क्रम अझै केही दिन जारी रहने मौसमविद्हरूले बताएका छन् । तराईका जिल्लामा ४० डिग्रीभन्दा माथि तापक्रम छ ।

तातो हावाको लहर बढ्दा कतिपय स्थानमा तापक्रमले (बाँकी पृष्ठ २ मा)

# प्रधानमन्त्रीलाई मुद्दैमुद्दा

## पूर्वप्रधानमन्त्रीमाथि पनि मुद्दाका चाङ

■ जेबी योञ्जन

**काठमाडौं-** विधिको शासन भएको भनिएको देशमा सरकारको नेतृत्वमा पुगेका नेताहरूबाटै कानुन उल्लंघन हुनु सामान्य घटना होइन । तर, नेपालमा सत्ताको नेतृत्वमा पुगेकाहरूबाट पटक-पटक यस्तो प्रवृत्ति दोहोऱ्याउने गरेका छन् । यही कारण वर्तमान प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरूले मुद्दाको सामना गरिरहेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालदेखि पूर्वप्रधानमन्त्रीहरू डा. बाबुराम भट्टराई, केपी शर्मा ओली, माधवकुमार नेपाल र शेरबहादुर देउवाविरुद्ध अदालतमा विभिन्न मुद्दा दर्ता भएका छन् । प्रधानमन्त्री दाहालविरुद्ध अर्को मुद्दा थपिने भएको छ । माओवादी लडाकु लेनिन विष्टसहितले पेस गरेको रिट दर्ता गर्न शुक्रबार सर्वोच्च अदालतले आदेश दिएसँगै दाहालविरुद्ध मुद्दा थपिने निश्चित भएको हो । उक्त मुद्दा आज दर्ता हुने जनाइएको छ । यसअघि उक्त रिटमा उठाइएको विषय सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत टुंगो लगाउनुपर्ने भन्दै सर्वोच्च प्रशासनले रिट दरपीठ गरिदिएको थियो । यही २६ जेठमा गरेको दरपीठविरुद्ध विष्टले सर्वोच्चमा निवेदन दिएका थिए । न्यायाधीश आनन्दमोहन भट्टराईको एकल इजलासले शुक्रबार रिट दर्ता गर्न अदालत प्रशासनलाई आदेश गरेको हो ।

विष्टले जनयुद्धको समयमा आफूलाई लडाइँमा प्रयोग गरेको तर अहिले कुनै पनि व्यवस्थापन नगरेको भन्दै माओवादी र सरकारबाट कुनै राहत वा सहयोग नपाएको जिकिर रिटमा गरेका छन् । यो मुद्दामा अन्तर्राष्ट्रिय फौजदारी कानुनसमेत आकर्षित हुन्छ । त्यही भएर युद्ध अपराधमा अनुसन्धान अघि बढाउन तत्काल प्रधानमन्त्री पदबाट निलम्बन गर्न रिटमा माग गरिएको छ ।

प्रधानमन्त्री दाहालविरुद्ध सर्वोच्चमा अरु थुप्रै मुद्दा छन् । गत वर्षको २३ फागुनमा दायर अधिवक्ता ज्ञानेन्द्र आरणको द्वन्द्वकालमा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्ति तथा अर्का अधिवक्ता कल्याण बुढाथोकीको द्वन्द्वकालमै अंगभंग, सम्पति कब्जा र लुटपाटका घटनासम्बन्धी दुईवटा छुट्टाछुट्टै रिट सर्वोच्चमा विचाराधीन छन् । आरणका बुबा टीकाराजको माओवादीले अपहरण गरी हत्या गरेको र बुढाथोकीका बुबा भुवनसिंह विस्थापित भएका थिए ।

१ माघ २०७६ मा माघीको अवसरमा काठमाडौंमा आयोजित एक कार्यक्रममा दाहालले द्वन्द्वका क्रममा मारिएका १७ हजारमध्ये आफूले पाँच हजारको जिम्मा लिने बताएको भनाइलाई आरोपीको स्वीकारिएको बयानको रूपमा लिनुपर्ने रिट निवेदकद्वयको माग थियो ।

नेपाली कांग्रेससँग निकट दुवै रिट निवेदकले दायर गरेको रिट दर्तापछि माओवादीले गम्भीर आपत्ति जनाउँदै द्वन्द्वकालीन मुद्दाको टुंगो अदालतबाट भन्दा पनि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगबाट गर्नुपर्ने जनायो । तीन दिनपछि २६ फागुनमा न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले प्रधानमन्त्री दाहालविरुद्ध कारण देखाऊ आदेश जारी गऱ्यो । तर, मुद्दाको टुंगो लागेको छैन ।

प्रधानमन्त्री दाहालविरुद्ध १० भदौ २०७० मा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले दायर गरेको अदालतको अवहेलनासम्बन्धी मुद्दा पनि छ । गोरखाका कृष्णप्रसाद अधिकारीको हत्या अनुसन्धान गर्ने अदालतले निर्देशात्मक आदेश दिएको अवस्थामा दाहालले त्यसबेला अदालतको जात कुन हो ? भन्दै द्वन्द्वकालीन मुद्दा ब्युँताइए विद्रोहको चेतावनी दिएका थिए । यो मुद्दाको पनि टुंगो हुन बाँकी छ । कानुनका विद्यार्थी समीर हायु रिट निवेदक रहेको अर्को अदालतको अवहेलना मुद्दा पनि अझै विचाराधीन छ ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईविरुद्ध पनि तत्कालीन बाल सेना विष्टसहित निवेदक रहेको युद्ध अपराधसम्बन्धी मुद्दा दर्ता हुने भएको छ । यस्तै मातातीर्थको १७२ रोपनी १५ आना (बाँकी पृष्ठ ३ मा)



- प्रधानमन्त्री दाहालविरूद्ध सर्वोच्चमा आज बाल सेना दुरूपयोगको मुदा दायर हुँदै गर्दा अरू मुद्दाको पनि छिनोफानो हुन बाँकी
- पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, केपी शर्मा ओली, माधवकुमार नेपाल र शेरबहादुर देउवाविरूद्धको मुद्दा पनि अदालतमा विचाराधीन

**सन्दर्भ : वैदेशिक रोजगार**

# विदेशबाट फर्केर उद्यम गर्नेहरू 'रोल मोडल' : श्रममन्त्री

## निजगढका सरोज कोइरालालाई एक लाख राशिको राष्ट्रिय पुरस्कार

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीबाट फर्किएर नेपालमै उद्यम तथा रोजगारी सिर्जना गर्ने उद्यमीहरू 'रोल मोडल' भएको बताएका छन् । उनले वैदेशिक रोजगारीबाट फर्केर नेपालमा उद्यम गरिरहेका उद्यमीलाई शुक्रबार मन्त्रालयमा राष्ट्रिय सम्मान पुरस्कार वितरण गर्ने क्रममा उक्त कुरा बताएका हुन् ।

मन्त्री भण्डारीले विदेशबाट फर्किएका नेपालीले उद्योग तथा आन्तरिक रोजगारी सिर्जना गर्नु देशकै लागि प्रेरणाको स्रोत भएको बताए । 'वैदेशिक रोजगारी अहिलेलाई बाध्यात्मकजस्तै भए पनि यसले नेपालमा सीप, पुँजी र अनुभव भित्र्याउन सफल भएको छ,' उनले भने, 'वैदेशिक रोजगार रोकेर रोकिने कुरा होइन, यसले हामीलाई स्वदेशमा नै उद्यमशीलता प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ, सम्मानित हुनेहरू साँच्चिकै रोल मोडल हुनुहुन्छ ।' वैदेशिक रोजगारीबाट फर्किएर उद्यम गरिरहेकाहरूबाट स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सन्देश पुरस्कृत उद्यमीहरूले दिएको मन्त्री भण्डारीले बताए ।

सरकारले विदेशबाट फर्किएकाहरूलाई उद्यमशीलता प्रवर्द्धन र समाजमा पुनःस्थापित गराउन पुनःएकीकरण कार्यक्रम सञ्चालनमा ल्याएको उनको भनाइ छ । 'सबै स्थानीय तहका रोजगार सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा जानेहरूलाई सेवा आरम्भ गरिसकेका छौं,' मन्त्री भण्डारीले भने, 'सेवा केन्द्रबाट वैदेशिक रोजगारीमा मात्र नभई स्वदेशमा हुने आन्तरिक रोजगारीका लागि पनि समन्वय हुन्छ र सोही सेवा केन्द्रमार्फत नै विभिन्न स्थानीय तहमा अहिले पुनःएकीकरण कार्यक्रम सञ्चालन भइरहेको छ ।'



उनले सरकार र राजनीतिको मात्र नभई यसरी वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै उद्यम र रोजगारी सिर्जना गरिरहेका नेपालीहरूको सफतालाई पनि उजागर गर्न सञ्चारकर्मीसँग आग्रह गरे ।

श्रमसचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम तथा रोजगारी सिर्जना गर्नेहरूलाई प्रोत्साहन गर्ने नीति लिइएको बताए । पुरस्कृत तथा सम्मानित हुने सबै उद्यमी आ-आफ्नो क्षेत्रमा सफल देखिएको भन्दै उनीहरूको सहजीकरणका लागि सरकारले सदैव सहयोगी भूमिका निर्वाह गर्ने बताए । श्रम मन्त्रालय भन्नेबित्तिकै रोजगारी दिने मन्त्रालय हो भन्ने बुझ्ने आमबुझाइ रहेको भन्दै सचिव अर्यालले श्रम मन्त्रालयको भूमिका भनेको रोजगारी दिने नभई रोजगारीका लागि समन्वय गरिदिने भएको बताए । विदेशबाट फर्किएर उद्यम गरिरहेका युवाहरूलाई उनले बधाई तथा शुभकामना दिँदै उनीहरूलाई ब्राण्ड एम्बेस्डरको रूपमा सरकारले प्रस्तुत गर्ने बताए ।

शुक्रबार मन्त्रालयले एक कार्यक्रम आयोजना गरी वैदेशिक रोजगारबाट फर्केर स्वदेशमै व्यवसाय गर्दै आएका युवा उद्यमीहरूलाई पुरस्कृत गरेको हो । चालु आर्थिक वर्ष २०७९/८० को उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कारबाट बारा निजगढका सरोज कोइराला सम्मानित भए । उनले एक लाख ५० हजार नगद राशिको उक्त पुरस्कार हात पारेका हुन् । वैदेशिक रोजगारीका क्रममा लामो समय युएई बसेर फर्केका उनले सन् २००९ बाट निजगढमा कुशल व्यवसाय परामर्श तथा तालिम केन्द्र सञ्चालन गर्दै आएका छन् ।

यस्तै अन्य छ जनाले ७५ हजार राशिको उद्यमी राष्ट्रिय पुरस्कार पाए । साथै, तीन जनाले संयुक्तरूपमा ७५ हजार राशिकै पुरस्कार प्राप्त गरे । यसरी सम्मानित हुनेमा म्याग्दीको एकता एग्रो रिसर्च एण्ड रिसोर्ट सञ्चालक महेन्द्र बानियाँ, रूपन्देहीको छिन्नु मल्टी पर्पोज कम्पनीका सञ्चालक सुवर्ण पोखरेल र महोत्तरीको एमएस कृषि तथा पशुपालन फर्मका सञ्चालक मनोज राई रहेका छन् । यस्तै भक्तपुरको रसिलो एग्रिकल्चर नेपाल प्रालिका सञ्चालक त्रय मनोज ढकाल, नीलराज फुयाल र जितेन्द्र बानियाँ, सुनसरीको किराँत एग्रिकल्चर एण्ड लाइभ स्टक फार्मका सञ्चालक नवीनकुमार राई, नवलपरासीको कन्सुलर एक्सन प्लान अफ रेस्पोन्सिबल डेभलपमेन्ट सोसाइटी (कार्ट्स)का सञ्चालक मोहनबहादुर कार्की र कञ्चनपुरको वेदकोट बेस्लरी उद्योगका सञ्चालक धनबहादुर धानुक उद्यमी राष्ट्रिय पुरस्कार सम्मानबाट सम्मानित भए । सम्मानित हुनेहरू मलेसिया, खाडी मुलुक र दक्षिण कोरियामा रोजगारी गरेर फर्किएकाहरू रहेको मन्त्रालयले जनाएको छ ।

सरकारले २०७६ सालदेखि पुरस्कार प्रदान गर्दै आएको छ । मन्त्रालयले यस बर्ष पुरस्कारका लागि ३५० भन्दा बढी उद्यमीले आवेदन दिए पनि मापदण्डमा परेकाहरूलाई पुरस्कृत गरिएको जनाएको छ । मापदण्डअनुसार पुरस्कारको लागि वैदेशिक रोजगारमा न्यूनतम एक वर्ष काम गरेको र नेपाल फर्किएर व्यवसाय सञ्चालन गरेको कम्तीमा एक वर्ष पूरा हुनुपर्नेछ ।




# महाकालेश्वरपछि पशुपतिनाथ दर्शनमा दाहाल

■ प्रभाव संवाददाता



आफ्ना बुबाको अन्तिम संस्कारमा चितामा पुगेर 'लालसलाम' ठोकेर फर्किएका दाहालको गेरुवस्त्र धारणलाई लिएर नेपाल नआइपुग्दै उनको आलोचना सुरु भएको थियो । भारतबाट फर्केर काठमाडौं उत्रनसाथ दाहालले आफ्नो मन्दिरयात्राबारे बचाऊ गरेका थिए ।

**काठमाडौं–** भारत भ्रमणका क्रममा इन्दोरको उज्जैनमा रहेको महाकालेश्वर दर्शनपछि चर्चामा आएको प्रधानमन्त्री पुष्पकमल दाहाल शनिबार पशुपतिनाथ पुगेका छन् । भारत भ्रमणमा सँगै निस्किएका मन्त्रीहरूको टोलीका साथ प्रधानमन्त्री दाहाल पूजा र साँझको आरतीका लागि पशुपतिनाथ पुगेका हुन् ।

प्रधानमन्त्री दाहालको साथमा भारत पुगेका मन्त्रीहरूमध्ये भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला भने दर्शन टोलीमा छुटेका छन् । पशुपतिनाथको सन्ध्याकालीन आरती दर्शन तथा पूजाका लागि दाहालसँगै अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री एनपी साउद, उद्योगमन्त्री रमेश रिजाल, उर्जा मन्त्री शक्ति बस्नेत र पर्यटनमन्त्री सुदन किराती पुगेका थिए । भारत भ्रमणका क्रममा यो टोली जेठ १९ गते महाकालेश्वरमा पुगेका थिए । महाकालेश्वर मन्दिरमा प्रधानमन्त्री दाहालले १०८ किलो रुद्राक्ष र ५१ हजार भारतीय रूपैयाँ भेटी चढाएका थिए ।

आफ्ना बुबाको अन्तिम संस्कारमा चितामा पुगेर 'लालसलाम' ठोकेर फर्किएका दाहालको गेरुवस्त्र धारणलाई लिएर नेपाल नआइपुग्दै उनको आलोचना सुरु भएको थियो । भारतबाट फर्केर काठमाडौं उत्रनसाथ दाहालले आफ्नो मन्दिरयात्राबारे बचाऊ गरेका थिए । आफू कम्युनिस्टमात्र नरहेको र देशकै प्रधानमन्त्री भएको नाताले महाकालेश्वरको दर्शन गरेको उनको जिकिर थियो । 'म कम्युनिस्टमात्रै होइन प्रधानमन्त्री पनि हो नि । सेक्युरिटीले नलगाउन पाए हुन्थ्यो भनेर बल लगाए । तर, त्यहाँ अतिथिले त्यो लगाउनुपर्ने प्रोटोकल रहेछ,' दाहालले भने ।

प्रधानमन्त्री दाहाल महाकालेश्वर पुगेपछि प्रतिनिधिसभामा राप्रपाका सांसद दीपकबहादुर सिंहले गत सोमबार पशुपतिनाथ दर्शनमा कहिले जाने हो ? भनी प्रश्नसमेत गरेका थिए । यसअघि दाहाल २०७२ चैतमा पनि पशुपतिनाथ पुगेका थिए । त्यतिबेला दाहालले पशुपति पुग्दा शान्तिको अनुभूति गरेको बताएका थिए । 'कताकता यो क्षेत्रमा र यो सबै भूगोललाई हेर्दा एउटा शान्तिको अनुभूति पनि र मनस्थिति शान्त भएको पनि मैले अनुभव गरें,' उनले भनेका थिए । पछिल्लोपटक श्रीमती सीता दाहाल बिरामी परेपछि माओवादी अध्यक्षसमेत रहेका दाहालको आस्था धर्मतिर ढल्किएको बताइन्छ । यसो त पछिल्लो दिनमा भारतीय जनता पार्टी(भाजपा) सम्बद्ध संस्थाले नेपाली नेतालाई हिन्दू धर्म प्रचारका लागि रकम उपलब्ध गराउने तथ्य अमेरिकी प्रतिवेदनमा उल्लेख छ ।

अमेरिकी विदेशमन्त्री एन्थोनी जे ब्लिंकेनले सार्वजनिक गरेको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदनमा नागरिक समाजका अगुवाहरूलाई उद्धृत गर्दै यस्तो दाबी गरिएको हो । सन् २०२२ जनवरी १ देखि डिसेम्बर ३१ सम्मका घटनाहरूलाई आधार बनाउँदै काठमाडौंस्थित अमेरिकी दूतावासले विभिन्न स्रोतबाट सूचनाबाट प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार पारिएको उल्लेख छ । भारत भ्रमणसँगै प्रधानमन्त्री दाहालको तीर्थाटनलाई पनि यसकै अंशका रूपमा हेर्न सकिने कतिपय धार्मिक संस्थाहरूले दाबी गरेका छन् ।

# हवाई टिकटमा ह्याकरबाट जोगिन सचेतना

**काठमाडौं–** हवाई टिकट बिक्रीमा ह्याकरको अनधिकृत प्रवेश भएपछि यस्ता घटनाबाट जोगिन सम्बन्धित सेवा प्रवाह गर्ने निकायलाई सचेत गराउन थालिएको छ । उक्त घटना सार्वजनिक भएपछि प्रहरीको साइबर ब्युरोले नेपाल पर्यटन बोर्डलाई पत्र नै काटेर सचेतनाका लागि आवश्यक समन्वय गर्न अनुरोध गरेसँगै बोर्डले सचेत गराउन थालेको छ ।

'पछिल्ला दिनमा हवाई टिकट बिक्रीमा ह्याकरको अनधिकृत प्रवेशका घटना बढिरहेको हुँदा सो सम्बन्धमा सुरक्षित रहन सम्बन्धित टिकेटिङ गर्ने ट्राभल एजेन्सीलगायतका कार्यालयलाई समयमै सचेतनाका लागि जानकारी गराइदिनुहुन अनुरोध छ,' ब्युरोले बोर्डलाई पठाएको पत्रमा भनिएको छ ।

अनुसन्धानको सिलसिलामा आवश्यक सूचना माग गरेको बखत यथाशीघ्र तोकिएको ढाँचामा उपलब्ध गराउनका लागि सम्बन्धित एयरलाइन्स तथा सोसँग सम्बद्ध सफ्टवेयर कम्पनीसँग समन्वयकारी भूमिकाका लागि अनुरोध गरिएको छ ।

सोही आधारमा नेपाल पर्यटन बोर्डले आवश्यक सचेतनाका क्रियाकलाप अघि बढाएको छ । सेवाप्रदायक निकायलाई आवश्यक सचेत गराउने, सुरक्षित रहन तथा जथाभावी आफ्नो गोप्य जानकारी सेयर नगर्न र यकीन गरेरमात्रै कारोबार गर्न सम्बन्धित निकायलाई सचेत गराइएको बोर्डका निर्देशक मणिराज लामिछानेले जानकारी दिए ।

उनले सबै निकाय तथा सम्बद्ध व्यक्तिलाई सावधानीका समग्र उपाय अपनाउन सुझाव दिएको लामिछानेले बताए । घटनाका विषयमा अहिले साइबर ब्युरोले अनुसन्धान पनि गरिरहेको छ । ब्युरोमा परेको जाहेरीका आधारमा अनुसन्धान थालिएको प्रहरी उपरीक्षक पशुपतिकुमार रायले बताए । उनले घटना थप नघटोस् भनेर पर्यटन बोर्डलाई पत्राचार गरेरै सचेत गराउने भनिएको पनि बताए ।

केहीअघि कस्मो नेपाल ट्राभल्सलगायत तीन वटा संस्थाको 'युजर नेम'बाट अनधिकृतरूपमा लाखौंको टिकेट काटिएको सार्वजनिक भएको छ । हवाई टिकट बिक्री वितरण गर्ने कम्पनीलाई लक्षित गरी ह्याकरले 'फिसिङ'का माध्यमबाट लग इन नेम र पासवर्डमा अनधिकृत पहुँच पुर्‍याइ विदेशी टिकट 'इस्यु' गरेको पाइएको थियो । *रासस*

# भक्तपुरबासीलाई निःशुल्क रगत

**भक्तपुर (प्रस)–** भक्तपुर जिल्लामा रहेका चार नगरपालिकाका स्थायी बासिन्दाले निःशुल्क रगत पाउन थालेका छन् । विभिन्न रोगको उपचारका क्रममा अत्यावश्यक पर्ने रगतका लागि लाग्ने आवश्यक विभिन्न शुल्कहरू चारवटै नगरपालिकाले व्यहोर्ने गरी आफ्ना नगरवासीले निःशुल्क रगत पाउन थालेका हुन् ।

नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखासँग जिल्लाका चारवटै नगरपालिकाहरू भक्तपुर, मध्यपुरथिमि, सूर्यविनायक र चाँगुनारायण नगरपालिकाले गरेको सम्झौताबमोजिम रेडक्रसले बिरामीका लागि अत्यावश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउन थालेको हो ।

रेडक्रसका जिल्ला सभापति मनोजकुमार थापाले रगत निःशुल्क प्राप्त गर्नका लागि बिरामीका आफन्तले बिरामीको भक्तपुर जिल्लाभित्र स्थायी ठेगाना भएको परिचय खुल्ने आधिकारिक परिचयपत्र र सम्बन्धित अस्पतालका चिकित्सकको रगत आवश्यकता रहेको सिफारिसपत्र पेस गरेका आधारमा बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउन सुरु गरिएको जानकारी दिए ।

बिरामीलाई रेडक्रसले निःशुल्क उपलब्ध गराएको रगतको शुल्क भने सम्बन्धित नगरपालिकाले सोधभर्ना गर्नेछ । सभापति थापाले भने, 'जिल्लाका चारवटै नगरपालिका र रेडक्रसले निःशुल्क रगत उपलब्ध गराउनेबारेमा सम्झौता भएपछि यो सेवा सुरु गरेका हौं, बिरामीलाई रगत दिएपछि त्यसको शुल्क नगरपालिकाहरूले व्यहोर्ने गर्छ, बिरामीले निःशुल्क रगत पाउन थालेपछि आर्थिकरूपमा विपन्न नागरिकलाई निकै राहत पुगेको छ ।'

अहिलेसम्म रेडक्रसले करिब एक हजार ६५४ जिल्लावासीलाई दुई हजार पिन्ट रगत एवं रक्ततत्त्व निःशुल्क वितरण गरिसकेको छ । सबभन्दा बढी भक्तपुर नगरपालिकाका बिरामीबाट रगत माग हुने गरेको छ ।

रेडक्रसका सभापति थापाका अनुसार भक्तपुरमा रगतको अभाव छैन । दैनिक विभिन्न ठाउँमा हुने रक्तदान र आकस्मिक रक्तदानबाट रगतको आपूर्ति भइरहेको बताउँदै उनले भक्तपुर मात्रै नभई काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक र उपत्यकाबाहिरका अस्पतालमा उपचार गराइरहेका बिरामीका लागिसमेत रगत उपलब्ध गराइरहेको जानकारी दिए ।

## 'हिट वेभ'बाट...

पृष्ठ १ बाट जारी

'रेकर्ड ब्रेक' नै गरेको छ । इलाम, नवलपुर, धरान, ओखलढुंगालगायत क्षेत्रमा रेकर्ड ब्रेक भएको मौसमविद्ले बताएका छन् । यस्तो अवस्थाबाट कसरी जोगिने, के-के गर्न सकिन्छ भन्ने विषयमा खास तयारी छैन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले अब भने तयारी थालिएको बताए । यसको असर र यसबाट बच्ने उपायका बारेमा चिकत्सक डा. पवनकुमार शाहले केही 'टिप्स' दिएका छन् ।

उनका अनुसार तातो हावाको लहरले मानिसलाई मृत्युसम्म पनि गराउन सक्ने भएकाले सावधानी अपनाउनु जरुरी छ । सुरुमा यसले चिलाउने, साना बिमिरा देखिने हुनसक्छ । त्यसबाट इन्फेक्सन भयो भने ठूला घाउ, खटिरा पनि बन्न सक्ने उनले बताए । यस्तै खुट्टा सुनिने, रिंगटा लाग्ने र बेहोस पनि हुन सकिन्छ । रक्तचाप घट्नेलगायतका लक्षण पनि देखिन सक्ने उनले बताए ।

काम गर्ने व्यक्तिमा 'डिहाइड्रेसन' (निर्जलीकरण) हुनसक्ने बढी खतरा हुन्छ । यस्तो बेलामा तिर्खा बढी लाग्ने, टाउको दुख्ने पनि हुन्छ । वृद्धवृद्धा, बालबालिका तथा कमजोर व्यक्तिहरू कोमामा पनि जान सक्ने खतरा हुन्छ । हात खुट्टा बाउडिने, अलि बढी नै भयो भने वान्ता आउने र वान्ताका क्रममा फोक्सोमा पुग्यो भने मानिसको मृत्यु हुनसक्ने डा. शाहले बताए ।

यसका लागि शीतल ठाउँमा बस्नु नै यसको उपयुक्त उपचार हो । प्रशस्त पानी पिउने, घाममा धेरै नहिँड्ने, दिउँसो काम नगर्ने गर्दा पनि यसबाट जोगिन सकिन्छ । लक्षणअनुसारको उपचार हुने भन्दै डा. शाहले तातो स्थानबाट चिसो ठाउँमा राख्ने, मसाज गर्ने, जीवनजल खुवाउने, कतिपय खुट्टामा असर परेको बेला खुट्टा उठाएर चिसो ठाउँमा राख्दा पनि कम हुँदै जाने बताए । यति हुँदा पनि कम भएन भने चिकित्सकको निगरानीमा उपचार गराउनुपर्ने डा. शाहले सुझाव दिएका छन् ।

## यसपटक मनसुनमा...

पृष्ठ १ बाट जारी

पनि उनले बताइन् ।

'मनसुन भित्रिएपछि लगातार पानी पर्दैन । केही ब्रेक हुने देखिन्छ,' कँडेलले भनिन्, 'आगामी मनसुनका लागि नेपालका अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको छ । जुन १६ देखि २२ को बिकमा चाहिँ अलि वर्षा हुने सम्भावना देखिन्छ । त्यसपछि ड्राइ कन्डिसन प्रोसेस हुने देखिन्छ ।'

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ २८ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २८ गते, २०८०, ११ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सर्पदंशका बिरामी बढ्दै

■ रूपनी जिएम

**बाँके–** अत्यधिक गर्मीका कारण बाँकेमा सर्पदंशका बिरामी बढ्न थालेका छन् । गर्मी बढेसँगै यहाँका भेरी अस्पताल, राँझास्थित सर्पदंश उपचार केन्द्र र शमशेरगञ्जस्थित सर्पदंश उपचार केन्द्रमा पछिल्लो समय सर्पदंशको उपचारका लागि आउने बिरामी बढ्न थालेका हुन् ।

दैलेखका माधव आचार्यलाई कोहलपुरमा वैशाख ३१ गते करेट नाम गरेको सर्पले टोकेपछि उनले नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचार गराए । रोजगारीका लागि भारत जानका लागि यहाँ आएका ३७ वर्षीय आचार्यलाई आफन्तको घरमा राति भुइँमा सुतिरहेको अवस्थामा सर्पले टोकेको थियो । अस्पतालमा १४ दिन आइसियू र दुई दिन वार्डमा बसेर उनले उपचार गराएका उनका बुबा हेमलाल आचार्यले बताए । 'माधव खतरामुक्त भएर घर फर्किए पनि अझै हिँड्डुल गर्न गाह्रो हुने गरेको छ,' उनले भने । उनका अनुसार छोरालाई अहिले पनि हातका औंला, हत्केला र पैताला जलन हुने गरेको छ ।

'खतरामुक्त भएपछि अस्पतालबाट डिस्चार्ज भएर घर त आयौं तर छोराको अवस्था भने सामान्य छैन,' आचार्यले भने, 'माधव पहिलाको जस्तो सजिलै हिँड्डुल गर्न सक्दैन । जतिखेरै हातका औंला, हत्केला र पैताला पोलिरहेको छ मात्र भन्छ ।' बुबा हेमलालका अनुसार माधवको जलन भएको ठाउँमा निरन्तर पानीपट्टि लगाउनुका साथै मसाज गरिरहनु पर्दछ । सर्पले टोकेपछि उपचारका लागि एक लाख २० हजार रूपैयाँ खर्च भएको बुबा हेमलालले जानकारी दिए । भेरी अस्पतालमा उपचार गराउँदा भित्रबाट पाइने औषधि, आइसियू र वार्डको खर्चमा अस्पतालले छुट दिएको उनको भनाइ थियो ।

कामको सिलसिलामा बर्दियाको बाँसगढीमा इँटाभट्टामा काम गर्ने भारतीय नागरिक मोहम्मद हनिदलाई राति सुतिरहेको अवस्थामा करेट सर्पले टोकेको थियो । २३ वर्षीय मोहम्मदलाई जेठ २० गते राति सर्पले टोकेको थियो । पाँच दिनको उपचारपश्चात् उनी बिहीबार निको भई घर गएका छन् । घर फर्किएका मोहम्मदको पनि स्वास्थ्य अवस्था सामान्य नभएको उनले काम गर्ने इँटाभट्टाका प्रमुख खगेन्द्र कँडेलले जानकारी दिए । उनका अनुसार मोहम्मदको बोलीमा स्पष्टता छैन भने हिँडाइमा पनि केही समस्या देखिएको छ ।

'अस्पतालबाट डिस्चार्ज भएर मोहम्मद यहाँ आएको तीन दिन भयो । अस्पतालबाट आएदेखि उसको बोली सुस्त छ,' प्रमुख कँडेलले भने, 'उसले अहिले पनि औषधि खाइरहेको छ ।' उनका अनुसार मोहम्मदको उपचारमा ६२ हजार रूपैयाँ खर्च भएको छ ।

यही जेठ ८ गते नेपालगञ्ज उपमहानगरपालिका...-२३ जंगलसिङ पुरुवाका २२ वर्षीया सहजरानी यादवलाई कोब्रा नाम गरेको सर्पले टोकेको थियो । उनलाई दिउँसो धारामा पानी पिउन जाँदा सर्पले टोकेको थियो । सहजरानी १० दिनको उपचारपछि निको भई घर फर्किएकी छन् । उनको उपचारमा ३५ हजार रूपैयाँ खर्च भएको परिवारले जनाएको छ । उनले अहिले पनि औषधि खाइरहेको उनका भाइले बताए ।

अत्यधिक गर्मीका कारण सर्पदंशका बिरामी अस्पताल आउने क्रम बढ्दै गएको भेरी अस्पतालका वरिष्ठ कन्सल्टेन्ट एनिस्थेसोलोजिस्ट डाक्टर कृष्णप्रसाद आचार्यले बताए । उनका अनुसार वैशाखको अन्तिमदेखि सर्पदंशका बिरामी अस्पताल आउन थालेका हुन् । एक महिनाको अवधिमा तीनजना गम्भीर प्रकृतिका सर्पदंशका बिरामीलाई उपचार गरी डिस्चार्ज गरिएको डा. आचार्यले बताए । उनका अनुसार गर्मी बढ्दै गर्दा विशेषगरी करेट र कोब्राले टोकेर विष लागेका बिरामी उपचारका लागि अस्पताल आउने गरेका छन् ।

'विषरहित सर्पले टोकेमा १० देखि १२ घण्टा विष लाग्छ कि भनेर निगरानीमा राख्छौं । उक्त समयमा विष लागेको कुनै लक्षण नपाए घर फर्काउने गरेका छौं,' डा. आचार्यले भने, 'विष लागेको अवस्थाका बिरामीलाई उनीहरूको स्वास्थ्य अवस्था हेरेर कम्तीमा दुई हप्तासम्म आइसियू र भेन्टिलेटरमा राखेर सुधार नहुँदासम्म उपचार गर्छौं ।' निगरानीमा राखिएका बिरामीलाई विष नलागेको भेटिएमा १२ घण्टापछि सर्पदंशबाट बच्ने उपाय सिकाएर घर पठाउने गरिएको उनको भनाइ छ ।

आठ वर्षदेखि सर्पदंशको क्षेत्रमा काम गर्दै आएका डा. आचार्यले नेपालभरि नै सर्पदंशबाट कसरी बच्ने र सर्पदंश भइसकेको अवस्थामा उपचार कसरी गर्ने भनेर विभिन्न ठाउँमा स्वास्थ्यकर्मीलाई तालिम दिने गरेको बताए । उनले सर्पदंशबाट बच्नका लागि राति सुत्नुभन्दा पहिला बिस्तरा राम्ररी झारेर झूल टाँगेरमात्र सुत्ने, भुइँमा नसुत्ने, घर वरपर भएको जंगल वा झाडीलाई सफा बनाइराख्ने, सर्पको आहार कुखुरा भएको हुनाले राति कुखुरा कराएको सुनिएमा बत्ती बालेरमात्र खोरको जाँच गर्ने, घरमा मुसा छन् भने मुसालाई नियन्त्रण गर्नेलगायत भएको बताए ।

बाँकेको राँझास्थित सर्पदंश उपचार केन्द्रमा जेठमा मात्रै तीनजना सर्पदंशका बिरामी आएको स्वास्थ्य प्राविधिक राजन कुँवरले बताए । उनले विष लागेका दुईजनालाई थप उपचारका लागि नेपालगञ्जको भेरी अस्पतालमा पठाइएको जानकारी दिए । उनका अनुसार भेरी अस्पताल पठाइएकामा नेपालगञ्ज उपमहानगरपालिका...-१९ मोहनपुरका मुनसिङ सार्की र डुडुवा गाउँपालिका-५ नानपुरकी सरिता लामिछाने मगर हुनन् ।

जानकी गाउँपालिका...-६ की रमावती भाटालाई विषरहित सर्पले टोकेकाले उनलाई केन्द्रबाटै प्रारम्भिक उपचार गरी घर फर्काइएको स्वास्थ्य प्राविधिक कुँवरले बताए । उनका अनुसार गत वर्ष १० जना सर्पदंशका बिरामी उपचारका लागि केन्द्रमा आएका थिए । समुदाय र नेपाल आर्मीको सहकार्यमा स्थानीयलाई सर्पदंशसम्बन्धी उपचार गर्ने उद्देश्यले केन्द्रको स्थापना गरिएको उनले बताए ।

त्यस्तै, बाँकेको शमशेरगञ्जस्थित सर्पदंश उपचार केन्द्रमा पनि जेठमा दुई जना सर्पदंशका बिरामी उपचारका लागि आएको अहेव नन्दलाल पाण्डेले जानकारी दिए । उनका अनुसार बाँकेको राप्तिसोनारी गाउँपालिका...-८ जिरो बजारकी पप्पीकुमारी बोहोरालाई सर्पले टोकेको थियो । 'पप्पीलाई सर्पको विष लागेको कुनै लक्षण नदेखिएपछि १० घण्टाको निगरानीपछि सर्पबाट बच्ने उपाय सम्झाएर घर पठाएका हौं,' उनले भने ।

सोही केन्द्रमा सर्पदंशको उपचार गर्न राप्तिसोनारी गाउँपालिका...-१ कुसुमकी कमला वली जेठको २३ गते आएकी अहेव पाण्डेले बताए । उनका अनुसार वलीलाई विषालु सर्पले नटोकेकाले विष लागेको कुनै लक्षण नदेखिएपछि १० घण्टा निगरानीमा राखेपछि घर फर्काइएको थियो । पाण्डेका अनुसार अघिल्लो वर्ष वैशाखदेखि भदौसम्ममा ३५ जना सर्पदंशका बिरामी उपचारका लागि आएका थिए । गर्मीयाममा बढी सर्पदंशका बिरामी आउने भन्दै यो संख्या अझै बढ्ने उनको भनाइ थियो । राँझा र शमशेरगञ्जमा विषरहित बिरामीको उपचार गरिन्छ भने विष लागेका बिरामीलाई भेरी अस्पताल पठाउने गरिएको छ । *रासस*

# पानीको पर्खाइमै बिते दलित बस्तीका दुई दशक

■ खेमराज गौतम

**गलकोट–** बागलुङ नगरपालिका-८ सिगाना लामीचौरको दलित बस्तीमा खानेपानीको हाहाकार भएको २० वर्ष पुग्यो । २०० घरपरिवार रहेको एउटै गाउँमा नेता तथा सरोकारवाला खानेपानीको सपना बाँड्दै चुनावका लागिमात्रै पुग्ने गर्दछन् ।

निर्वाचनको समयमा खानेपानीको आश्वासन बाँड्न दलित बस्तीमा पुग्ने नेता त्यसपछि फर्केर जाँदैनन् । देशमा संघीयता आएसँगै खानेपानी आउने सपना बोकेका स्थानीय दलित समुदायले सात वर्षसम्म पानी ल्याउन नसकेको गुनासो गरेका छन् ।

बागलुङ-८ सिगाना लामाचौर दलित बस्तीमा वर्षौंदेखि खानेपानीको चरम संकट भए पनि हालसम्म उक्त संकट टार्न सकिएको छैन । निर्वाचनताका मात्रै खानेपानीको नारा घन्किने दलित समुदायमा हालसम्म पानी आउन सकेको छैन । चुनावमा भोट बैंकका रूपमा चिनिँदै आएको दलित बस्तीकै कारण धेरैले चुनावसमेत जित्दै आए पनि चुनावताको समयमा गरिएको खानेपानी पुर्‍याउने वाचा भने अझै पूरा हुन सकेको छैन ।

सो नगरपालिकाभित्रकै सबैभन्दा बढी सुक्खाग्रस्त क्षेत्रका रूपमा चिनिएको लामीचौर दलित बस्ती खानेपानीको सपना दुई दशकभन्दा बढी समय बित्दासमेत पूरा हुन नसकेको हो । खानेपानीको आशामा भोट हाल्दै आएका जनता पानीको अभावमा काकाकुलजस्तै बन्दै आएको स्थानीय विष्णु परियारले बताए ।

'चुनावमामात्रै नेता खानेपानीको सपना बोकेर आउँछन्, अहिलेसम्म धारा बन्न सकेन, पहिलाका सांसद र नगरप्रमुखले लिफ्ट आयोजना थाले अहिलेकाले अर्को खानेपानी योजना ल्याएका छन् रे तर जसले जे लिए पनि अहिलेसम्म पानी आउन सकेन,' परियारले भने, 'खानेपानी गाउँमै एउटा धारामा आउँछ भने अर्को बस्ती मुनिको मुलबाट ल्याउँछौं, बिहान खानेपानी बोक्दै बित्छ, यस्तो दूर्दशा कहिलेसम्म रहला कुन्नि ?'

उक्त गाउँमा सतप्रतिशत दलित समुदायमात्रै बसोबास गर्दै आएका छन् । वि.सं. २०५० भन्दा अघि बनेको खानेपानी आयोजनाको उचित मर्मतसम्भार नहुँदा जीर्ण अवस्थामा छ । २०० घर परिवारमा जम्मा छ वटामात्रै सामुदायिक धारा छन् । त्यसमध्ये एउटा धारामा मात्रै पानी आउने गरेको स्थानीय विष्णु परियारले जानकारी दिए ।

रेशको बौरमुनिबाट ल्याइएको खानेपानी अहिले मर्मतसम्भारसमेत नहुँदा मुहान सुक्दै गएको छ भने उपल्लो लामीचौरमा पानीको सदुपयोग नहुँदा दलित बस्तीमा खानेपानी पुग्न नसकेको हो । करिब २० वर्षदेखि खानेपानीका विषयमा दलित बस्ती च्यापिएको र थिचिएको महसुस भएको स्थानीय तथा पत्रकार सज्जनकुमारसिंह विश्वकर्माले बताए । विभिन्न गाउँमा 'एक घर, एक धारा' बनिसक्दा यहाँ अत्तोपत्तो छैन ।

'हामीजस्तो सचेत नागरिकले सरोकारवाला निकायलाई गुनासो सुनाउँदासुनाउँदै वाक्क भइसकेका छौं, अन्य दलित समुदायको कुरा कसले सुन्ने, अब आन्दोलित हुनुको विकल्प छैन,' विश्वकर्माले भने, 'दलित बस्तीमा पानी ल्याउन लिफ्ट आयोजना सञ्चालन भए पनि बजेट अभावमा ढिलाइ भएको छ, अहिले बागलुङ नगरपालिकाले नयाँ योजना ल्याएको छ, तर कहिले पानी आउँछ टुंगो छैन ।'

खानेपानीलाई राजनीतिक मुद्दा बनाउँदा दलित बस्तीले वर्षौंदेखि यो नियति भोग्दै आएको विकको भनाइ छ । २०७७ माघदेखि दलित बस्तीमुनि काठखोला गाउँपालिका-७ खानदुलोमा रहेको मुहानबाट लिफ्टमार्फत पानी पुर्‍याउने गरी आयोजना सुरु भए पनि बजेट थोरै निकासा हुँदा आयोजना सम्पन्न हुन ढिलाइ भएको लामीचौर लिफ्ट खानेपानी आयोजनाका अध्यक्ष पूर्णबहादुर कार्कीले बताए ।

वर्षमा १० लाख रूपैयाँ बजेट आउँदा यो खानेपानी आयोजना सक्न अझै चार वर्ष लाग्ने कार्कीको भनाइ छ । कार्कीका अनुसार लिफ्ट आयोजनाका लागि खानदुलो र लामीचौरमा खानेपानी ट्यांकी निर्माण भइसकेको छ । अब मोटर तथा पाइपलाइन र घरघरमा धारा विस्तारको काम बाँकी रहेको उनले बताए ।

खाने⁄ पानी ल्याउने अथक प यासपछि स्रोतको पहिचान गरी गण्डकी प्रदेश सरकार र बागलुङ नगरपालिकाको सहयोगमा लिफ्ट योजना अगाडि बढेको भए पनि अहिलेका निर्वाचित जनप्रतिनिधिले सो लिफ्ट आयोजनालाई प्राथमिकता नदिएर ७० लाख रूपैयाँ बजेटमा नयाँ आयोजना निर्माण गर्न थालिएको छ । लिफ्ट आयोजनालाई सक्नेमा नगरपालिकाको ध्यान नदिएर अर्को आयोजना ल्याउनु समन्वयको अभाव भएको स्थानीयको गुनासो छ । प्रदेश सरकारबाट तीन पटकसम्म बजेट आए पनि मुहान नहुँदा कार्यान्वयन हुन नसकेर २०७७ सालदेखि सुस्त गतीमा लिफ्ट आयोजना निर्माणको काम चलिरहेको छ ।

लिफ्ट आयोजनालाई सम्पन्न नहुन्जेल क्रमशः बजेट व्यवस्थापन भइरहने र आगामी दिनमा बजेट बढाउन पहल भइरहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख तुल्सी बस्नेतले जानकारी दिए । प्रदेश सरकारलाई दलित बस्तीको खानेपानीका विषयमा जानकारी दिएर बजेट बढाउन आग्रह गर्ने उनले बताए । *रासस*

## पानी बोकेरै जीवन बिताउनुपर्ने चिन्ता

**गल्याङ (प्रस)–** स्याङजाको गल्याङ नगरपालिका-३ पाल्पाली डाँडाका स्थानीयले खानेपानीको जोहो गर्न दुई घण्टा बिताउने गरेका छन् । गल्याङ बजारबाट पाल्पाली डाँडा करिब ३०० मिटर दूरीमा पर्दछ । यहाँका अधिकांशले ज्याला मजदुरी गरेर जीविकोपार्जन गरिरहेका छन् । भालेको डाँकोसँगै उठेर बिहान ९...-१० बजेसम्म सबैको समय पानीको खोजीमा बित्छ । बस्ती बसेदेखि अहिलेसम्म यहाँका स्थानीय दुई⁄अढाइ घण्टा पिउने पानीको खोजीमा बिताउँछन् ।

'बर्खा होस्, या हिउँद डोकोमा पानी नबोकी सुक्खा छैन, बर्खामा अलि नजिकको मुहानमा पानी पाइए पनि हिउँदमा पानी कहाँ छ भन्दै खोज्दै हिँड्नुपर्छ,' स्थानीय ४८ वर्षीया चनिसरा गाहाले भनिन्, 'पानीको व्यवस्था गरिदिन नगरपालिकासँग धेरै अनुरोध गर्‍यौं तर पनि पिउने पानी डोकोमा नबोकी खानै पाइँदैन ।'

उनले हिउँदको समय पानी खोज्न दुई⁄अढाइ घण्टा लाग्ने बताउँदै एउटा मुहानमा पानी नभए अर्कोमा जानुपर्ने बाध्यता रहेको सुनाइन् । 'स्कुल जाने केटाकेटीलाई पानी लिन पठायो १० उतै बजाउँछन्, पानीका कारण राम्रोसँग पढ्न पनि पाउँदैनन्,' गाहाले भनिन् ।

स्थानीय ६९ वर्षीया चेतकुमारी गाहाले पाल्पाली डाँडामा बस्न थालेदेखि पानी बोकेरै खाएको दुःखेसो गरिन् । 'पानी बोकेरै जीवन बिताउनुपर्ने भयो, घरमै आएको पानी थाप्ने दिन कहिले आउला ?,' उनले प्रश्न गरिन्, 'यो डाँडामा बोल्ने मान्छे पनि कोही नभएर होला, खानेपानीमा सधैं सास्ती खेप्नु परेको छ ।'

स्थानीय ५५ वर्षीय अमर थापाले आँधीखोला लिफ्टिङ खानेपानीले वस्तुभाउलाई खुवाउन सहज बनाएको बताए । 'मान्केखोलाको पानी पिउनयोग्य खासै मानिँदैन, नौ घरको संयुक्त एकमात्र धारा छ, वस्तुभाउलाई खुवाउन सबैले डोकोमै बोक्ने गरेका छौं,' उनले भने, 'मान्केखोलाको पानी आएको पनि धेरै भएको छैन, कल्लेरीको पानी ल्याउने भनेर घरघरै धारा बनाएका छन् ।' उनले कल्लेरीको पानी आए पिउने पानीको समस्या हट्ने बताए ।

तुल्सीभञ्ज्याङ खानेपानी तथा सरसफाइ आयोजनाका अध्यक्ष लिलाबल्लै अर्यालले 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत पाल्पाली डाँडामा पिउने पानी वितरणका लागि तयारी भइरहेको जानकारी दिए । अबको एक महिनाभित्र सबैका घरघरमा पानीको धारा आइपुग्ने उनले दाबी गरे ।

गल्याङ नगरपालिका-३ का वडाअध्यक्ष कृष्ण भट्टराईले तुल्सीभञ्ज्याङ खानेपानी तथा सरसफाइ आयोजनाको पानी अपुग भएमा कोसेढुंगाको पानी लिफ्टिङ गरेर पाल्पाली डाँडामा ल्याउने योजना बनाइएको जानकारी दिए । अब केही महिनाभित्रै गाउँमा खानेपानीको समस्या अन्त्य हुने उनको भनाइ थियो ।

## प्रधानमन्त्रीमाथि...

पृष्ठ १ बाट जारी

जग्गा कमाउने मोहीलाई नै आफू प्रधानमन्त्री हुँदा वितरण गरेकोसम्बन्धी एउटा मुद्दा अझै टुंगिएको छैन । उनीविरुद्ध द्वन्द्वकालीन मुद्दालाई लिएर अधिवक्ताहरू ज्ञानेन्द्र आरण र कल्याण बुढाथोकीको मुद्दा पनि छ । यी कुनै मुद्दाको अन्तिम किनारा लागेकै छैन । डा. भट्टराईले भने प्रधानमन्त्री दाहालले जसरी यी मुद्दाहरूको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगबाटै टुंग्याउनुपर्ने बताउँदै आएका छन् । अदालतबाट टुंगो लगाउँदा दोषी ठहरिने र जेल पर्ने चिन्ता उनलाई छ ।

अर्का पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध पनि मातातीर्थको ११७ रोपनी १५ आना जग्गा मोहीलाई वितरण गरेको सम्बन्धी मुद्दा छ । यो भ्रष्टाचारसम्बन्धी मुद्दा हो । वर्षौंदेखि यो मुद्दा विचाराधीन अवस्थामा छ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीविरुद्ध प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ ग्रहणसम्बन्धी मुद्दा छ । उनले संविधानअनुसार संसद्प्रति जवाफदेही हुँदै पद तथा गोपनीयताको शपथ ग्रहण नगरेको भन्दै २३ फागुन २०७४ मा अधिवक्ता यज्ञमणि न्यौपानेले रिट दायर गरेका थिए । यो मुद्दाको पनि खारेज भएको छैन । उनीविरुद्ध अदालतलको अवहेलना मुद्दाहरू पनि छन् ।

दुईवटा मुद्दा भने पशुपतिमा सुनको जलहरी राख्ने विषयसँग सम्बन्धित छन् । बागमती प्रदेशका पूर्वसांसद नरोत्तम वैद्य र अधिवक्ता नीकिता ढुंगानाले सम्पदाको विषय उठाउँदै रिट दायर गरेकी हुन् ।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध पनि २१ चैत २०७३ मा दायर अदालतको अवहेलनासम्बन्धी मुद्दा छ । अधिवक्ता हरिप्रसाद मैनालीले प्रहरी महानिरीक्षकको फैसलाबारे कांग्रेस केन्द्रीय समितिले सरकारको काममा हस्तक्षेप गरेको भन्ने निर्णय अदालतको अवहेलना भएको भन्दै रिट दर्ता गरेका थिए ।

अर्का प्रधानमन्त्री झलनाथ खनालविरुद्ध 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान' स्थापना गरेर सर्प पाल्ने नाममा राज्यकोषबाट ७२ करोड लिएर दुरूपयोग पारेको आरोप लाग्दै आएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

यस कम्पनीको मिति २०७९/११/११ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **गोजी नेपाल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल श्रीसम्पत्ती तथा तिर्नुपर्ने कर दायित्व आदी परिवर्तित नामको **गोजी कमर्स प्रा. लि.** (प्रा.लि.नं. २५१२९६) नामक कम्पनीले सकार्ने ब्यहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०/०२/१४ को निर्णयानुसार नाम परिवर्तन गरिएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**गोजी कमर्स प्रा. लि**, का.म.न.पा. १०, काठमाण्डौं, नेपाल

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भई संचालित हुप्सेकोट यातायात प्रा.लि. (दर्ता नं. २१९०१०/०७६/०७७) को मिति २०८०/०२/२५ गते बसेको बार्षिक साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: तेज प्रसाद खराल, इजाजतपत्र नं. ४१५**
**फोन नं. ९८५१०१९५२८, ईमेल** : semantamani@gmail.com

**Kakani Rural Municipality**
**Office of Rural Municipal Executive**
**Ranipauwa, Nuwakot**

**(Notice No. 22/Kkni/road/079-80)**

**Date of publication: 2080-02-28**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under National Competitive Bidding Bidders for the following works under National Competitive Bidding .

| Contract no. | Description and location of works | Estimate amount (Excluding VAT NRs) | Bid Security Amount, NRs. | Bid Validity period/Bid SecurityValidity period | Price of Bid Document,NRs. |
|---|---|---|---|---|---|
| 22/Kkni/ road/079-80 | Upgrading of Okhley Hilleyvitta-sanochitrey gaireykharka Rural Road | 4559097.91 | 137000.00 | 90 days/120days | 3000. |

**2. Bid Purchase, Pre Bid Meeting, Bid Submission and Bid Opening Dares are sa given below.**

| IFB No. | Pre Bid Meeting | Last Date of Bid Purchase | Last Date of Submission | Bid Opening Date And Address | Details of Bank For deposit of Cost for Bid Document | Details of Bank for Cash Deposit for Bid Security |
|---|---|---|---|---|---|---|
| 22/Kkni/ road/ 079-80 | 2080/03/17 | 2080/03/25 within office Hour | 2080/03/26 12:00 Hrs. | 2080/03/26, 13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswo khaata) | Name of the Bank: Agricultural Development Bank. Ranipauwa Branch deposit Account no:0213401251034042Name of the Office : Kakani rural municipality,Office of municipal Executive, Ranipauwa,Nuwakot |

3. Bid Documents shall be download from e-GP portal of PPMO's websitewww.bolpatra.gov.np/egp Bidders submitting their bid electronically, shoulddeposit the cost of biding document in the office's RajaswoKhata as specified above and The scanned copy (pdf format) of the Bank deposits voucher shall be uploaded by bidder at the time of electronic submission of the bids.
4. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'Swebsitewww.bolpatra.gov.np/egpfurther Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: ito.kakanimun@gmail.com
5. If the last date of purchasing, submission and opening falls on a government Holiday then the next working day shall be considered as the last day whereas the bank guarantee shall be counted from the submission date as specified on above table.
6. Any amendment in the tender notice will be published in official website a kakani rural Municipality Office of Municipal Executive Ranipauwa, Nuwakot and e-GP portal of PPMO Website http://www.bolparta.gov .np/egp.
7. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकारलाई 'हिट वेभ'को हेक्का होस्

गर्मी हपक्क बढेको छ । तराईमात्र हैन काठमाडौं पनि चरक्क पारेको छ तातोले । यसपालि तापक्रमले झण्डै ४४ वर्षअघिको रेकर्ड तोड्दा सरकार बल्ल तातिएको छ– अब के गर्ने भनेर ? हुन त नेपालमा विपद्को कुनै पूर्वतयारी छैन । बाढीको पूर्वतयारीका लागि कक्षा लिन सशस्त्र प्रहरी दुई चारवटा ढुंगा लिएर त्रिशूलीतिरको स्थिर पानीमा रल्लिन पुग्छन् । दुई–चारवटा फोटो खिचेपछि फर्कन्छन् ।

'जब पर्‍यो राति, अनि नानाभाँती' भनेझैं विपद्को मुखमा पुगेपछि छट्पटिन थाल्छन् । लू अर्थात् तातो हावा यसअघि पनि चल्थ्यो । पूर्वतयारी नहुँदा कतिपयको ज्यान पनि लिन्थ्यो । यसपटक जनस्तरको तयारीका कारण अहिलेसम्म कुनै अप्रिय घटना भएको छैन । यद्यपि, ४४ वर्षअघि नवलपरासीको दुम्क्यौलीमा ४३.७ डिग्री सेल्सियस तापक्रम रेकर्ड भएकोमा यसपटक त्यहाँ ४३.८ सेल्सियस पुगेको छ । मौसम पूर्वानुमान महाशाखाको भनाइ मान्ने हो भने अझै पनि रेकर्ड ब्रेक तापक्रम नियमित रहने देखिन्छ ।

तापक्रमले एक किसिमको तह पार गरेपछि गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई यो विषयको तातो लागेको देखियो । शुक्रबारमात्र प्रधिकरणले गृहमा यसबाट हुनसक्ने क्षति र पूर्वतयारीबारे छलफल गरेको थियो । चिकित्सकका अनुसार तातो हावाका कारण श्वासप्रश्वासमै समस्या आउन सक्छ । जिउ पोल्ने, थकाइ लाग्नेजस्ता समस्या सामान्य नै हुने भयो । तापक्रम अझ बढेमा ज्यानै जान सक्छ । तातो हावा चलेका कारण तराईमा विद्यालयहरू बन्द हुन थालेका छन् ।

कोरोनाकालमा डिजिटलरूपमा सुरु भएको पढाइ अब कहिले सुरु हुन्छ यसको कुनै निश्चितता छैन । तातोको पहिलो असर बालबालिका र वृद्धवृद्धालाई पर्छ । तातो हावाबाट बच्न चिसोमा बस्ने, बाहिर निस्कन नहुने, निस्कनै परे सावधानी अपनाउने जस्ता उपाय छन् । तर, अब खेती लगाउने समय आएको छ । कतिपयको परिवार 'नगरी काम, पाइँदैन खान साँझ र बिहान'को अवस्थामा छन् । यस्तो अवस्थामा सरकारले जनहितमा विशेष ख्याल राख्नुपर्ने देखिन्छ । अत्यास लागेको बेला भर दिनु सरकारको कर्तव्य हो । यसका लागि तातो हावा चलेका क्षेत्रमा सरकारले मेडिकल टिम खटाउनुका साथै आवश्यक राहतको व्यवस्था गर्नुपर्छ । हिट वेभकै समयमा वर्ष पनि कम हुने देखिएको छ । यसले किसानलाई थप मर्का पर्ने देखिन्छ । त्यसैले यस विषय सरकारलाई हेक्का रहोस् ।

## मनन्योग्य

### चाणक्य नीति

यसै बेलामा दुब्लो पातलो शरीरका कुनै साधु का सालि सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रौक्यो र भन्यो-"बाबा भोलि विहान आउनुहोस्, यसबेला अमात्य सुतिक्नुभएको छ ।'

बृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने-'मलाई अमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन 'कौटिल्य' आएको छ विष्णुगुप्त, किन कि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । 'कौटिल्य' नाम शकटारबाहेक अन्यलाई थाहा छैन । पातलो शरीर एवम् तिखा दृष्टिले द्वारपाल असहायकजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहथे । द्वारपालले 'कौटिल्य' आएको सूचना दियो । शकदार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चाणकलाई बन्दी बनाई मृत्यूदण्ड दिइएको थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपालाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए ।

शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो-"अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर' राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने-'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ।' चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने-'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बिमा मैले धेरै सोचेँ र यो निष्कर्षमा पुगेँ । क्रमशः

# भाषाको संरक्षण र प्रवर्द्धनमा एआईको प्रयोग



रेवती सापकोटा

> सातवटै प्रदेशमा बोलिने भाषाको भाषिक तथ्यांकका आधारमा प्राथमिकता निर्धारण गरी सूचना प्रविधिको उपयोग गरी संरक्षण गर्ने नीति योजना र कार्यक्रम संघीय सरकारले बनाउन उपयुक्त हुन्छ । प्रदेशहरूले आ-आफ्नो प्रदेशमा बोलिने र अभ्यासमा आउने भाषालाई लिपिबद्ध र संरक्षण गर्न सूचना प्रविधिलाई उपयोग र अभ्यास गर्न सक्छन् । भाषाको संरक्षण र पवर्द्धन गर्न प्रदेश सरकारले संघीय सरकारको मुख ताकिराख्नु पर्दैन । शास्त्रीय भाषाका रूपमा भोट, पालि र संस्कृतलाई पनि सूचना प्रविधिभित्र प्रविष्ट गर्न सकिन्छ । कैलाली र बर्दियामा रहेका राजी जातिको पेसा र भाषिक अन्तरसम्बन्ध रहेको छ ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात् मेसिन इन्टेलिजेन्स यी दुवै शब्दले कृत्रिम बौद्धिकतालाई बुझाउँछन् । प्राकृतिक बौद्धिकताले जन्माएका मेसिनले प्रदर्शन गर्ने बौद्धिकता नै एआई हो । मानवीय बौद्धिकता अनुभवबाट प्रकट गरिन्छ भने मेसिनको बौद्धिकतामा सेन्सरबाट प्रदर्शन हुन्छ । मेसिनमार्फत समस्याको पहिचान गरी त्यसको समाधान दिनसक्नु नै कृत्रिम बौद्धिकता हो । मोबाइलको क्यामराले अनुहार चिन्नु, आवाजको नक्कल गर्नु, स्वचालित कार मान्छेको सहायताविना गुड्नु, गुगलमा खोजिएका नतिजा प्राप्त हुनु, कम्प्युटरमा चेस वा अन्य खेल खेल्न सक्नु एआईका उदाहरण हुन् ।

कम्प्युटर र कम्प्युटर नेटवर्कमा रहेका डेटाका आधारमा एआईले काम गर्ने हो । कम्प्युटर र कम्प्युटर नेटवर्कमा रहेका शब्द, तस्बिर र आवाजलाई कम्प्युटरको भाषामा डेटा भनिन्छ । त्यसैले अवको विश्वमा डेटालाई सुनका रूपमा बुझ्न थालिएको छ । जहाँ धेरै डेटा हुन्छ त्यो नै सम्पत्ति हुन्छ । डेटा सर्भरमा रहन्छ । डेटाको सुरक्षा गर्नु अबको चुनौती हो । किनकि, साइबर अपराध बढिरहेको छ ।

कुनै समस्या समाधानका लागि गरिने चरणबद्ध प्रक्रिया वा नियमहरूको संगालो नै अल्गोरिदम हो । अल्गोरिदमले बढीभन्दा बढी डेटा उपयोग गर्छ । कम्प्युटरको एप्लिकेसनमा अल्गोरिदम प्रयोग गरिएको हुन्छ । इनपुट अल्गोरिदमको प्रारम्भिक चरण हो भने आउटपुट अल्गोरिदमको अन्तिम चरण हो । अल्गोरिदमले लिने र दिने नतिजा राम्रोसँग परिभाषित भएको हुन्छ । डिजाइन गरिएको अल्गोरिदमको भाषा स्वतन्त्र हुन्छन् । सन् २०१८ मा आइबिएमले नेचुरल ल्यांग्वेज प्रोसेसिङ इन्जिन बर्टको निर्माण गरेपछि एआईको क्षेत्रमा तीव्र गतिमा प्रगति देखिँदै आएको छ ।

सन् २०१८ मा आइबिएमले नेचुरल ल्यांग्वेज प्रोसेसिङ इन्जिन बर्टको निर्माण गरेपछि एआईका क्षेत्रमा तीव्र गतिमा प्रगति देखिँदै आएको छ । सूचना प्रविधिको क्षेत्रमा देखिएको यस्तो प्रगति रोकिने होइन, बढ्ने हो । प्राकृतिक ज्ञान र सीपको उपयोग गरी मानव समुदायले विकास गरेको सूचना प्रविधिले मानव समुदायलाई एकातिर सहजीकरण गरेको छ भने अर्कोतिर घेराबन्दीमा पनि पारेको छ । सूचना प्रविधिलाई उपयोग गर्दा मानव गतिविधिलाई सहज गराउँछ भने दुरूपयोग गर्दा कानुनको कठघरामा पुर्‍याउँछ ।

च्याटजिपिटीसहित अहिले आएका एआइका साधनहरूले मेसिनमार्फत काम गर्छन् । मेसिनले मान्छेलेभन्दा छिटो र गल्ती नगरी काम गर्छ । अर्थात् मेसिन मान्छेभन्दा इमान्दार हुन्छ र मान्छेको आदेश मेसिनले पालना गर्छ । मान्छे जसरी मेसिन भावनामा बग्दैन र मान्छे जति छिटो मेसिन थाक्दैन ।

सूचना प्रविधिका क्षेत्रमा देखिएको यस्तो प्रगति रोकिने होइन, बढ्ने हो । प्राकृतिक ज्ञान र सीपको उपयोग गरी मानव समुदायले विकास गरेको सूचना प्रविधिले मानव समुदायलाई एकातिर सहजीकरण गरेको छ भने अर्कोतिर घेराबन्दीमा पनि पारेको छ । यसले आफूलाई सूचना प्रविधिका साधनसँग अभ्यस्त बनाउँदै लैजान्छ, त्यो व्यक्ति वा समूह आफ्नो पेसा वा व्यवसायमा दिगोरूपमा टिक्न सक्छ, जसले सूचना प्रविधिलाई उपयोग गर्दैन, त्यो व्यक्ति वा समूह आफ्नो पेसा वा व्यवसायबाट विस्थापित हुँदै जान्छ । त्यसैले सूचना प्रविधिलाई उपयोग गर्दा मानव गतिविधिलाई सहज गराउँछ भने दुरूपयोग गर्दा कानुनको कठघरामा पुर्‍याउँछ भन्न सकिन्छ ।

सूचना प्रविधिको उपयोगबाट मानिस भाग्न सक्ने अवस्था छैन । सूचना प्रविधिले मानिसलाई यति धेरै व्यस्त बनाउँदै लगेको छ कि उसले नयाँ विषय नजानी सुखै छैन । जुनसुकै पेसा व्यवसायमा रहने व्यक्ति वा समुदायका लागि सूचना प्रविधि तरकारीमा राखिने आलुजस्तै भइसकेको छ । जसरी जुनसुकै तरकारीमा आलुलाई उपयोग गरिन्छ त्यसैगरी जुनसुकै निकायले गर्ने काममा सूचना प्रविधिको उपयोग अनिवार्य बन्दै गएको छ ।

एउटा भाषामा दख्खल राख्ने व्यक्ति दोस्रो भाषा नजानेका कारण पछाडि पर्ने अवस्था अब रहँदैन । सूचना प्रविधिको विकाससँगै विस्तार भएको एआईले भाषालाई रूपान्तरण गराउन सक्ने भएको छ । गुगलले नेपालीसहित विभिन्न भाषालाई अनुवाद गर्ने प्रणाली विकास गरेको छ । त्यस्तै प्रणाली विकास गर्ने दिशामा काम गर्ने हो भने देशभित्र बोलिने विभिन्न मातृभाषालाई सूचना प्रविधिका माध्यमबाट संरक्षण गरी तिनीहरूको प्रवर्द्धन गर्न सकिन्छ ।

बागमती प्रदेश सरकारले तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा विकास गर्ने नीति अगाडि सारेको छ । बागमती प्रदेशमा तामाङ र नेपाल भाषाका समुदायको बाहुल्यता रहेकाले ती समुदायलाई सम्बोधन गर्न सरकारले यस्ता नीति लिएको हो । मधेस प्रदेशमा मैथिली, लुम्बिनी प्रदेशमा अवधजस्ता भाषालाई कामकाजको भाषाका रूपमा अगाडि लैजान सकिन्छ । सरकारी कामकाजको भाषाका रूपमा विकास गर्न पनि सूचना प्रविधिलाई उपयोग गर्दा जति सहज हुन्छ अन्य विकल्पमा जाँदा त्यत्तिकै कठिन हुन्छ । लोपोन्मुख भाषालाई संरक्षण गर्न पनि अब सूचना प्रविधिकै सहारा लिनुपर्ने हुन्छ ।

सूचना प्रविधिको उपयोग गरियो भनेमात्रै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण हुँदै जान्छ, अन्यथा केही गरे पनि ती भाषा र संस्कृति जोगाउन सक्ने अवस्था रहने छैन । अंग्रेजी वा अन्य अन्तर्राष्ट्रिय भाषा जान्न रुचि राख्ने नयाँ पुस्ताले आफ्नो मातृभाषा बिर्सँदै जान थालेका छन् । मातृभाषासँग जोडिएको परम्परागत ज्ञान र सीप पनि लोप हुने खतरा नजिकै आउँदै छ । त्यसैले नेपालमा बोलिने सबै भाषालाई डेटाको रूपमा भण्डारण गर्ने र ती भाषामार्फत अन्य भाषामा रूपान्तरण गर्ने प्रणालीको विकास गर्न आवश्यक छ । त्यसका लागि सूचना प्रविधिमा पनि कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स)का साधनलाई उपयोग गर्ने दिशामा अगाडि बढ्नुपर्दछ । यद्यपि, सतप्रतिशत अनुवाद नभए पनि बुझ्ने तहसम्म रूपान्तरण गराउन सक्ने प्रणालीको विकास भइसकेको छ । आगामी दिनमा प्रविधि अझै परिपक्व बन्दै जान सक्छ ।

अल्पसंख्यक, लोपोन्मुख समुदायको भाषा संस्कृतिको संरक्षण गर्न, नेपालको मौलिक कला र संस्कृतिको प्रवर्द्धन गर्न, पर्यटनको विकास गर्न पनि अब कृत्रिम बौद्धिकता र यसले विकसित गरेका साधनलाई उपयोग गर्नुपर्ने हुन्छ । जति छिटो प्रविधिको उपयोग गरिन्छ, त्यति नै छिटो भाषा संस्कृतिको संरक्षणलाई दिगो बनाउन सकिन्छ । कृत्रिम बौद्धिकता, मेसिन लर्निङ सिस्टम, अल्गोरिदमको सहायताले समाचार कक्षबाट रोवोटले समाचार पढ्न सक्ने भइसकेको छ । मानिसको काम अब सिर्जना गर्ने हो, मानिसको निर्देशन मेसिनले पालना गर्ने हो । मानिसलाई सिर्जनात्मक बन्न मेसिनले दबाब दिइरहेको छ ।

सातवटै प्रदेशमा बोलिने भाषाको भाषिक तथ्यांकका आधारमा प्राथमिकता निर्धारण गरी सूचना प्रविधिको उपयोग गरी संरक्षण गर्ने नीति योजना र कार्यक्रम संघीय सरकारले बनाउन उपयुक्त हुन्छ । प्रदेशहरूले आ-आफ्नो प्रदेशमा बोलिने र अभ्यासमा आउने भाषालाई लिपिबद्ध र संरक्षण गर्न सूचना प्रविधिलाई उपयोग र अभ्यास गर्न सक्छन् । भाषाको संरक्षण र पवर्द्धन गर्न प्रदेश सरकारले संघीय सरकारको मुख ताकिराख्नु पर्दैन । शास्त्रीय भाषाका रूपमा भोट, पालि र संस्कृतलाई पनि सूचना प्रविधिभित्र प्रविष्ट गर्न सकिन्छ । कैलाली र बर्दियामा रहेका राजी जातिको पेसा र भाषिक अन्तरसम्बन्ध रहेको छ । पेसा र भाषिक अन्तरसम्बन्ध अन्य भाषा र संस्कृतिसँग पनि जोडिएको छ । जाति, भाषा, धर्म, संस्कृतिले मानिसको पहिचान निर्धारण गर्छ । आफ्नो पहिचान स्थापित गर्न पनि संस्कृतिको संरक्षण आवश्यक हुन्छ ।

संस्कृत भाषाको प्रयोग, विस्तार र सम्भावनाका बारेमा नवलपरासीको त्रिवेणीधाम र शाश्वतधाममा गरिएको स्थलगत अध्ययनको प्रतिवेदन, भोट र पालि भाषाको प्रयोग, विस्तार र सम्भावनाका बारेमा पोखरा महानगरको हेम्जा र रूपन्देहीमा गरिएको अनुसन्धान प्रतिवेदन दराजमा थन्क्याएर होइन, कार्यान्वयनमा लैजान सम्बन्धित प्रदेशलाई जिम्मेवारी दिन उपयुक्त हुन्छ । जुम्लाको सिञ्जामा गरिएको सिञ्जाली खस भाषाको सत्यापनसम्बन्धी अध्ययन अनुसन्धान प्रतिवेदन, आदिवासी जनजातिको प्रथाजनित कानुनसम्बन्धी अध्ययन अनुसन्धान प्रतिवेदनको पनि खोजविन गर्नुपर्ने हुन्छ ।

किराती भाषाको ३६ वटा साझा वर्ण समायोजन गरी त्यसको सिरिजंगा लिपिलाई सूचना प्रविधिमार्फत संरक्षण गर्न सकिने सम्भावनाका बारेमा विज्ञहरूसँग छलफल गरी सम्बन्धित प्रदेशले त्यसमा काम गर्न सक्छन् । नेपाल टेलिभिजनबाट तामाङ, गुरुङ र उर्दूसहित नौ वटा भाषामा प्रसारण भइरहेको कार्यक्रमलाई अन्य भाषाका समुदायले बुझ्नसक्ने बनाउन कृत्रिम बौद्धिकताको प्रयोग गर्न सकिन्छ । ती भाषासँग सम्बन्धित भाषाको अनुवाद हुनेगरी डेटा भण्डारण गर्न सकिन्छ ।

गुगल एउटा कम्पनीले एक भाषालाई अनेक भाषामा रूपान्तरण गर्न सक्छ भने संघ, प्रदेश र स्थानीय सरकारले संयुक्तरूपमा मेहनत गर्ने हो भने नेपालका सबै समुदायका भाषालाई अर्को भाषामा रूपान्तरण गराउन सकिन्छ । त्यसो गर्दा भाषासँग जोडिएको पेसा र परम्परागत प्रविधि अर्को समुदायमा पनि हस्तान्तरण गर्न मद्दत पुग्छ । गुगलले अंग्रेजीलाई नेपालीमा रूपान्तरण गरेजस्तै गरी गोरखापत्र दैनिकमा प्रकाशित हुने विभिन्न ३८ भाषाका समाचार तथा विचारलाई अनलाइन संस्करणमा अर्को भाषाका समुदायले बुझ्ने बनाउन सकिन्छ ।

राष्ट्रिय सभामा पेस भएका 'प्रतिलिपि अधिकार ऐन, २०५९' लाई संशोधन गर्न बनेको विधेयक, 'अभिलेख संरक्षण ऐन, २०४६' लाई संशोधन गर्न बनेको विधेयकमा सूचना प्रविधिमार्फत नेपालमा बोलिने भाषालाई संरक्षण र प्रवर्द्धन गर्ने कानुनी व्यवस्था गर्न संघीय संसद्का सदस्यको ध्यान पुग्न आवश्यक छ । ती कानुन संशोधनमा प्रदेश र स्थानीय सरकारको भूमिकालाई प्रस्टचाउन सक्दा प्रदेश र स्थानीय तहले पनि आ-आफ्नो मौलिकतामा आधारित कानुन निर्माण गरी कार्यान्वयनमा लैजान सक्छन् । राष्ट्रिय संस्कृति संरक्षण तथा प्रवर्द्धन नीतिको मस्यौदामा पनि सूचना प्रविधिको उपयोग गर्ने विषयलाई समेट्न आवश्यक हुन्छ । छैटौं संशोधनको प्रक्रियामा रहेको 'प्राचीन स्मारक संरक्षण ऐन, २०१३' मा विभिन्न मन्दिर, गुम्बा, मदरसालगायत ऐतिहासिक पुरातात्त्विक वस्तुहरूको पुनर्निर्माण, अध्ययन, संरक्षण गर्ने क्रममा सूचना प्रविधिको उपयोग गर्दा ती ठाउँमा पुग्ने बित्तिकै ती पुरातात्त्विक महत्त्वका विषयका बारेमा मेसिनमार्फत नै जानकारी प्राप्त गर्न सक्ने प्रणालीको विकास गर्न सकिने कानुनी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिले नारायणहिटी दरबार क्षेत्रमा पुग्ने आन्तरिक तथा बाहच पर्यटकलाई लक्षित गरी नेपाली, अंग्रेजीसहित विभिन्न मातृभाषामा रूपान्तरण हुनेगरी जानकारी दिन कृत्रिम बौद्धिकताको प्रयोग गरी प्रणाली विकास गर्न सक्छ । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले बौद्ध दर्शन र गुम्बाहरूमा पुग्दा जानकारी दिनसक्ने प्रणाली विकास गर्न सक्छ । पाथिभरा क्षेत्र विकास समिति, बौद्धनाथ क्षेत्र विकास समिति, मनकामना क्षेत्र विकास समिति, बृहत् बराह क्षेत्र विकास समिति, हलेसी महादेवस्थान विकास समिति, तारागाउँ विकास समिति, नेपाल पञ्चांग निर्णायक समितिले आ-आफ्नो क्षेत्राधिकारका विषयलाई स्वचालित रूपमा जानकारी दिने प्रणालीको विकास गर्न गराउन सक्छन् ।

भूकम्पबाट क्षति भई पुनर्निर्माण भएका ६७३ वटा पुरातात्त्विक सम्पदामा पनि ती सम्पदाको महत्त्वका बारेमा जानकारी दिने स्वचालित प्रणाली विकास गर्न गराउन सक्छन् । गरे के हुँदैन भन्ने तथ्य डिजिटल प्रविधिमार्फत बीउविजन उत्पादन, बिक्री वितरण, आपूर्ति र व्यवस्थापन कार्यको सुरुआत नेपालमै भइसकेको छ । दुई हजार ४९५ जना कृषकलाई कृषि प्रविधि एवं जलवायुसम्बन्धी २१ लाख ९३ हजार एसएमएसमार्फत सूचना प्रवाह गरिएको तथ्यांक संघीय सरकारको अभिलेखमा छ ।

बागमती प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा सन् २०२४ लाई पर्यटन भ्रमण वर्षका रूपमा घोषणा गरेको छ । संघीय सरकारले सन् २०२२ देखि २०३२ लाई पर्यटन दशक घोषणा गरेको छ । 'नेपाल घुमौं, नेपाल चिनौं' अभियान सञ्चालन गर्ने घोषणा संघीय सरकारले गरेको छ । यस्ता कार्यक्रमलाई सूचना प्रविधिको विकास र विस्तारसँगै जोड्न सक्दा मात्रै प्रभावकारी हुन सक्छन् । पर्यटनकीयस्थल चिनाउन, पर्यटकहरूलाई उपयुक्त सूचना दिने प्रणालीको विकास गर्न, पर्यटकीयस्थलको महत्त्व बुझाउन पनि सूचना प्रविधिको उपयोग आवश्यक हुन्छ । हामीले अरुको भाषा सिक्नेमात्रै होइन, हाम्रो भाषा पनि अरुलाई सिकाउने संयन्त्रको विकास गर्न सकिँदा हाम्रा भाषाको संरक्षण, प्रवर्द्धन र विकास हुन्छ । त्यसका लागि पनि सूचना प्रविधिको उपयोग गर्नैपर्छ । *रासस*

*(लेखक बागमती प्रदेशका सञ्चार रजिस्ट्रार हुन्)*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**पौडीमा रमाउँदै बालबालिका** | हिमाली जिल्ला ताप्लेजुङको सदरमुकामस्थित वीरेन्द्रचोकमा रहेको पोखरीमा पौडी खेल्दै बालबालिका । चर्को घाम र अत्यधिक गर्मीका कारण बालबालिकाहरू पौडी खेल्न पोखरीमा जम्मा हुने गरेका छन् । केही दिनयता यस जिल्लामासमेत गर्मी बढेको छ । *तस्बिरः सन्तोष पुर्कुटी/रासस*

# अस्पतालमा खानेपानीको अभाव

**मान्म (प्रस)-** जिल्ला अस्पताल कालीकोटमा खानेपानीको अभाव भएको छ । जिल्ला अस्पतालमा ल्याइएको खानेपानीको मुहानमा स्थानीयले अवरोध गर्दा खानेपानीको अभाव भएको हो ।

जिल्ला अस्पतालमा खाँडाचक्र नगरपालिका-१ को जिरोप्वाइन्ट रहेको मुहानबाट खानेपानीको आपूर्ति गरिँदै आएको थियो । जिरोप्वाइन्टमा आफ्नै खानेपानी टच्यांकी रहेको र त्यसलाई घेरबार गरेर राखेका अवस्थामा अनधिकृतरूपमा केही व्यक्तिले टच्यांकीमा आफ्ना निजी पाइप जोडेर लगेका कारणले जिल्ला अस्पतालमा खानेपानीको अभाव भएको अस्पतालका निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. संकेत विश्वकर्माले बताए ।

'अस्पतालजस्तो संवेदनशील क्षेत्रमा पानीको अवरोध गर्नु गैरकानुनी काम हो,' उनले भने, 'यो समस्या तत्काल समाधान नभए कानुनीरूपमा जान बाध्य हुनेछौं ।' जिल्ला अस्पतालमा खानेपानीको अभाव हुँदा बिरामी तथा बिरामीका कुरुवालगायतका अन्य सेवाग्राहीलाई खानेपानीका लागि टाढाटाढा जानुपर्ने बाध्यता रहेको निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. विश्वकर्माले बताए ।

'केही दिनयता खानेपानीको अभाव हुँदा बिरामी तथा कुरुवालगायतका स्वास्थ्यकर्मी र सेवाग्राहीलाई निकै सकस भएको छ,' उनले भने, 'गर्मीको मौसममा खानेपानीको अभाव हुँदा अस्पतालमा उपचारमा आएका पनि खानेपानीको अभावले बिरामी पर्ने गरेका छन् ।'

खानेपानीको अभावमा स्वास्थ्य सेवा प्रवाहमा प्रतिकूल असर परेको हुँदा तीन दिनभित्र खानेपानीको पाइप नहटाए कानुनी कारबाहीमा जाने निमित्त स्वास्थ्य सेवा व्यवस्थापक डा. विश्वकर्माले बताए । 'स्वास्थ्य क्षेत्रमा अवरोध गरिनु कुनै राम्रो काम होइन,' उनले भने, 'यस्तो गैरकानुनी कामलाई प्रश्रय दिनु पनि राम्रो होइन ।'

जिल्ला अस्पतालमा खानेपानीको अभाव भएका कारणले खानेपानीका लागि भौतारिनुपर्ने बाध्यता रहेको बिरामीका कुरुवा बसेका पचाल झरना गाउँपालिका-४ का नैन तिरुवाले बताए । 'यता बिरामीको कुरुवा बस्नु कि खानेपानीका लागि भौतारिनु,' उनले भने, 'खानेपानी खोज्दाखोज्दै अस्पतालमा बिरामीलाई अप्ठ्यारो पनि हुनसक्छ ।' गर्मीयाम बढ्दै गएका कारणले कालीकोटको सदरमुकाममा पनि खानेपानीको चरम अभाव हुन थालेको छ ।


# 'विकास गाउँ आयो, मान्छे बजार झरे'

■ डम्मर बुढामगर

**ढोरपाटन-** काठेखोला गाउँपालिका-३ धम्जाकी ८५ वर्षीया चन्द्रकुमारी भण्डारीलाई हिजोआज दिन बिताउन निकै गाह्रो भइरहेको छ । बूढेसकाल लागेपछि गाह्रो काम गर्न सक्दिनन् उनी । घरको सामान्य काम गरेर दिन बित्दैन । दुःख, सुखका कुरा गर्ने वरपरका छरछिमेकीका घर सुनसान बन्दै गएका छन् । छिमेकी धमाधम बसाइँसराइ गरी बजार झर्न थालेपछि चन्द्रकुमारीले एक्लो महसुस गरिराखेकी छन् । अब गाउँमा मान्छे नै नहुने चिन्ता भण्डारीलाई छ ।

बसाइँसराइका कारण चहलपहल हराउन थालेको छ । वि.सं. २०६६ मा सडकले जोडिएको धम्जा गाउँमा अहिले विकासले गति लिँदै गएको छ तर उपभोग गर्ने स्थानीय थप सेवा सुविधा खोज्दै गाउँ छोड्दै छन् ।

पहिले गाउँमा एकै परिवारले सयौं वस्तुभाउ पाल्ने खेती किसानी गर्ने गर्थे । सामान्य सेवा लिनका लागि दिनभरि लगाएर बजार धाउनुपर्ने अवस्था थियो तर अहिले त्यो अवस्था हटे पनि गाउँमा मान्छे बस्न छोड्दै छन् । स्थानीय महत्त्वकांक्षी बन्दै गएपछि गाउँ रित्तिन थालेको चन्द्रकुमारी बताउँछिन् । उनले आफ्नो पालामा अहिलेको जस्तो यातायात, खानेपानी, विद्युत् र स्वास्थ्यको सहज पहुँच नभए



एक दशक अगाडिसम्म गाउँबाट बसाइँसराइ गरेर बजार झर्नेको संख्या न्यून थियो तर अहिले दिनप्रतिदिन गाउँ छोड्नेको संख्या बढ्दो छ ।

उनका जवानीमा सँगसँगै मेलापात र घाँसदाउरा गरेका दौतरी अधिकांश गाउँ छोडेर बसाइँ सरेका छन् । पहिले गाउँमा विकास पुगेको थिएन, स्थानीय दुःख गरेर पनि गाउँमै बस्थे । अहिले गाउँ-गाउँमा टोल-टोलमा विकास पुगेको छ, मान्छे छैनन् । गाउँमा ढुंगा, माटो र काठले चिटिक्क बनेका घर रित्तिएर सुनसान बन्दै गएका छन् । खेतीयोग्य जमिन वनमाराले ढाकिन थालेका छन् । दशक अगाडिसम्म निकै रमाइलो थियो धम्जा गाउँ तर अहिले पनि गाउँमा मान्छेको चाप बढी भएको भन्दै अहिले सुविधा भएर पनि बसाइँसराइ गरिरहेको बताइन् ।

'उतिबेला अहिलेको जस्तो मोटर गाडी आउँदैनथे, बाटो नै बनेको थिएन, हामीहरू एक साता लगाएर थाकखोला पुगेर ढिके नुन बोकेर आउँथ्यौं, स्याङजा पुगेर चामल लिएर खान्थ्यौं, चप्पल लगाउने चलन थिएन, खाली खुट्टा हिँड्थ्यौं, अहिलेको जस्तो फेसन-फेसनका लुगा थिएनन् भोटो लगाउँथ्यौं,' उनले भनिन्, 'बिजुली पनि थिएन, दियालो, टुकी बालेर रात बिताउनुपर्थ्यो, अहिले यस्तो विकास होला भन्ने त सोचेका थिएनौं, गाउँ पनि धेरै फेरिएको छ, गाउँमा विकास आएर के गर्ने, मान्छे सबै सहर बजारतिर झर्न थाले ।'

स्थानीय ६२ वर्षीय नगेन्द्रबहादुर भण्डारीले रोजगार र विदेश हुने अधिकांश युवाको परिवार सहरबजारमा सुविधा खोज्दै झरेको बताए । उनले पछिल्लो १० वर्षमा धम्जाबाट बसाइँसराइ गर्नेको संख्या बढ्दै गएको सुनाए । १४ वर्ष अगाडि गाउँमा सडक नआउँदासम्म स्थानीय गाउँमै दुःख गरेर बसेको भन्दै गाउँमा विकास आउन थालेपछि बजार झर्न थालेको उनको भनाइ छ । स्थानीय विदेश जना थलेपछि उनीहरूमा महत्त्वकांक्षा बढी हुँदै गएपछि बसाइँसराइ गर्न थालेको भण्डारी बताउँछन् ।

उनी भन्छन्, 'पहिले विदेश जाने संख्या कम थियो, धेरै गाउँमा खेतीपाती गर्ने, गाउँमै कामधन्दा गर्ने गर्थे, सरकारले विदेश जाने बाटो सहज बनाइदिएपछि धेरै विदेश जान थाले, पैसा कमाउन थाले त्यसले गर्दा उनीहरूलाई गाउँभन्दा सहरबजार मन पर्न थाल्यो, त्यही भएर अहिले गाउँमा मान्छे कम हुँदै गएका छन्, विदेश हुने धेरैजसो युवाका परिवार अहिले बजारमा छन्, कतिपय आजभोलि नै बजार झर्दै छन्, खै किन यसरी मान्छेहरू गाउँ छोडिराखेका छन् ?, मलाई पनि निकै आश्चार्य लागेको छ, विकास छैन भनौं भने विकास पनि भएकै छ ।'

सरकारले युवालाई विदेश पलायन हुनबाट रोक्न सके र गाउँमा स्वरोजगार सिर्जना गर्नसकेमात्रै बसाइँसराइ रोकिने भण्डारी बताउँछन् । गाउँमा स्वास्थ्य, शिक्षा, रोजगारको राम्रो व्यवस्था गर्नुपर्ने उनको भनाइ छ । बसाइँसराइका कारण यस वडामा रहेका विद्यालयमा विद्यार्थीको संख्या पनि दिनदिनै घट्दै गइरहेको छ ।

काठेखोला गाउँपालिका-३ धम्जाका अध्यक्ष कुलबहादुर विकले बसाइँसराइका कारण जनशक्ति अभाव हुँदा विकास निर्माणमा समस्या हुने गरेको बताए । गाउँमा एकैपटक धेरै आयोजनाका काम गर्नुपरे उपभोक्ता समितिमा बस्ने मान्छे नहुने उनको भनाइ छ । उनले जनसंख्या बढी भएको ठाउँमा विकास पनि धेरै हुने र आयआर्जन पनि बढी हुने भन्दै यहाँ विकास र आयआर्जन पनि कम हुने गरेको बताए । धम्जाबाट सबैभन्दा बढी पोखरा, बागलुङ, बुटवल र चितवनलगायतका सहरमा बसाइँसराइ गरेर जानेको संख्या ठूलो रहेको अध्यक्ष विकको भनाइ छ ।

'मान्छेहरू अलिअलि पैसा कमाउन थाले भने बजार नै झर्ने गरेका छन्, बसाइँसराइ रोक्न स्थानीयलाई आयआर्जनसँग जोड्ने, पर्यटन प्रवर्द्धन गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, स्रोत साधनको पहिचान गरेर उपयोग गरी स्वरोजगार बनाउने कामतर्फ ध्यान दिएका छौं,' अध्यक्ष विकले भने, 'हामीहरूले गर्ने प्रयास गर्छौं, हिजो स्वास्थ्य, शिक्षा, विद्युत्लगायतका विकासका पूर्वाधारले नजोडिँदा गाउँमा बस्ने अहिले सबै पुग्दा पनि बजार झर्ने गरेका छन्, बजारको जस्तो सेवा सुविधा गाउँमा नल्याएसम्म बसाइँसराइ रोक्न गाह्रो देखिन्छ ।'

वडा कार्यालयको अनुसार चालु आर्थिक वर्षमामात्रै धम्जा गाउँबाट १० परिवार बसाइँसराइ गरेर बाहिर गएका छन् । वडामा दर्ता गराएकाबाहेक अझै बढी बसाइँसराइ गरेर गाउँ छाड्नेको संख्या बढिरहेको स्थानीयको भनाइ छ । *रासस*

# गर्मी अत्यधिक बढेपछि विद्यालय बन्द

**दाङ (प्रस)-** दाङमा गर्मी बढेपछि यहाँका विद्यालय बन्द गरिएका छन् । जिल्लाका विभिन्न स्थानीय तहले गर्मी अत्यधिक बढेपछि विद्यालय बन्द गरेका हुन् ।

तुलसीपुर उपमहानगरपालिकाले शुक्रबारदेखि जेठ ३० गतेसम्म नगरक्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरेको शिक्षा शाखाप्रमुख चक्रबहादुर भण्डारीले जानकारी दिए ।

त्यस्तै घोराही उपमहानगरपालिका, लमही नगरपालिका, शान्तिनगर गाउँपालिका, राप्ती, गढवा, राजपुरलगायतका गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय पनि बन्द गरिएका छन् । घोराही उपमहानगरपालिकाभित्रका निजी तथा संस्थागत विद्यालय जेठ २६ देखि ३१ गतेसम्म बन्द गर्ने निर्णय गरिएको उपमहानगरपालिकाको शिक्षा शाखाले जनाएको छ ।

त्यस्तै देउखुरी क्षेत्रका चारवटै स्थानीय तहले विद्यालय बन्द गर्ने निर्णय गरेका छन् । राप्ती गाउँपालिकाले जेठ २४ देखि २६ गतेसम्म, गढवा गाउँपालिकाले जेठ २५ देखि २९ गतेसम्म, राजपुर गाउँपालिकाले जेठ २६ देखि जेठ ३० गतेसम्म र लमही नगरपालिकाले जेठ २८ देखि असार १ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरेका छन् ।

यसैगरी शान्तिनगर गाउँपालिकाले जेठ २५ देखि ३० गतेसम्म विद्यालय बन्द गरेको छ । अत्यधिक गर्मीका कारण बालबालिका बिरामी पर्न थालेपछि गर्मीबाट बालबालिका जोगाउन विद्यालय बन्द गर्ने निर्णय गरिएको सम्बन्धित पालिकाले जनाएका छन् ।

# विवाह गर्दा वडाको सिफारिस अनिवार्य

**जुम्ला-** यहाँका स्थानीय तहले बालविवाह रोकथाम गर्न विवाह गर्दा अनिवार्य वडाको सिफारिस अनिवार्य गरेका छन् । जिल्लाको तिला गाउँपालिकाले विवाह गर्दा अनिवार्यरूपमा वडाको सिफारिसको निर्णय गरेको छ । विवाह गर्ने जोडीले वडापालिकाको सिफारिस लिएरमात्र विवाह गर्नुपर्ने छ । गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट विवाह गर्न वडाको सिफारिस अनिवार्य गरिएको गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले जानकारी दिए ।

पालिकाका नौवटै वडालाई परिपत्रसमेत गरिएको छ । पछिल्लो समयमा बालविवाह बढ्दै गएको छ । बालविवाह रोक्न वडाको सिफारिस अनिवार्य गरिएको उपाध्यक्ष बुढाको भनाइ छ ।

वडावासीले विवाह गर्नुपूर्व वडाको सिफारिस अनिवार्य लिनुपर्ने व्यवस्था गरिएको छ । बालविवाह न्यूनीकरण गर्न तिला-६ लाई बालविवाहमुक्त वडा घोषणासमेत गरिएको छ । देखासेखीले गर्दा हुने बालविवाहलाई रोक्न वडाको सिफारिसले निकै महत्त्वपूर्ण भूमिका खेल्ने गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए । पालिकाका सबै वडालाई बालविवाहमुक्त गर्न लागिपरेका छौं ।

कार्यपालिकाबाट गरिएको निर्णयलाई कडाइका साथ कार्यान्वयन गर्न वडालाई निर्देशनसमेत गरिएको गाउँपालिका अध्यक्ष रोकायाको भनाइ छ । जुनसुकै उमेर समूहकाले विवाह गर्दा पनि अनिवार्य वडा कार्यालयमा जन्मदर्ता पेस गर्नुपर्ने र स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ ।

विवाह गर्दा अनिवार्य वडाको सिफारिस गरेसँगै वडाबाट सिफारिस लिनेको संख्या बढेको तिला-१ को वडा कार्यालयले जनाएको छ । पालिकाको वडा नं ६ निवासी विकास रोकायाले विवाहका लागि वडाबाट सिफारिस लिएर विवाह गरेको वडाध्यक्ष जंग रोकायाले जानकारी दिए । यहाँको पातारासी गाउँपालिकाले पनि विवाह गर्दा वडाको सिफारिस अनिवार्य गरिएको उपाध्यक्ष जनमाया रोकायाले बताए । सिञ्जा गाउँपालिकाले पनि विवाह गर्दा अनिवार्य वडाको सिफारिस लागू गरेको जनाएको छ । *रासस*

# बजेटको तयारी गर्दै स्थानीय तह

**दोधारा चाँदनी-** कञ्चनपुरका स्थानीय तह आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारीमा जुटेका छन् । यहाँका सात नगरपालिका र दुई गाउँपालिका आगामी वर्षको बजेटको तयारीका लागि बस्ती र टोल भेलाबाट योजना छनोट गर्न जुटेका हुन् । 'वडाका जनप्रतिनिधि अहिले आ-आफ्नो क्षेत्रका गाउँ तथा टोलमा पुगेर आगामी वर्षको योजना तथा कार्यक्रमका बारेमा छलफल गरी योजना बनाउन जुटेका छौं,' कृष्णपुर नगरपालिकाका नगरप्रमुख हेमराज ओझाले भने । असार १० गते बस्ने नगरसभाबाट बजेट ल्याउने गरी तयारी भइरहेको उनले जानकारी दिए ।

नगरप्रमुख ओझाले भने, 'यसपटक हामीले स्थानीय स्रोतसाधनलाई उपयोग गरेर शिक्षा, स्वास्थ्य र पूर्वाधारमा जोड दिएका छौं ।' उनले नगरपालिकाले यसपटक रोजगार केन्द्र स्थापना गर्ने बताए । भीमदत्त नगरपालिकाले पनि असार ७ गतेको नगरसभाबाट बजेट ल्याउने तयारी गरेको छ । भीमदत्त नगरपालिकाका प्रवक्ता महेन्द्र खड्काले नगरपालिकाले सबै वडामा बस्ती भेला सकेर भेलाबाट आएका योजनाहरू वडा समितिमार्फत नगरसभामा पठाउने काम भइरहेको बताए । 'अहिले बस्ती भेलाबाट आएका योजना प्राथमिकताका आधारमा सभामा पठाउने काम भइरहेको छ,' उनले भने, 'बस्ती भेलाबाट आएका मागलाई प्राथमिकताका आधारमा आगामी वर्षको बजेटमा समावेश गरिन्छ ।'

दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्रले असार १० गतेभित्र आगामी वर्षको बजेट ल्याउने तयारी भइरहेको बताए । उनले अहिले सबै वडामा टोल भेलाबाट योजना छनोट भइरहेको बताए । 'बस्ती भेलाबाट आएका मागलाई प्राथमिकीकरण गरेर आगामी वर्षको बजेट ल्याउने तयारीमा छौं,' उनले भने, 'विगतको तुलनामा यस पटकको बजेट फरक हुन्छ ।'

बस्ती भेलामा सहभागीहरूले जनप्रतिनिधिसँग विभिन्न गुनासा राख्ने गरेका छन् । सामान्यता स्थनीयले सीपमूलक तालिम, सडक निर्माण, ढल निकास, विद्युत्का समस्यालगायत विषय उठाउने गरेको जनप्रतिनिधि बताउँछन् । स्थानीय सरकार गठनपछि विभिन्न चरणमा योजना छनोट हुने गरेको छ । वैशाखभित्र संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका, बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी मार्गदर्शन प्राप्त गर्ने र दोस्रो चरणमा वैशाख मसान्तभित्र स्रोत अनुमान र कूल बजेटको सीमा निर्धारण गर्ने गरिन्छ । त्यस्तै, जेठभित्र बस्ती तथा टोलस्तरबाट योजना छनोट गरिसक्ने र असार १० गतेभित्र बजेट ल्याइसक्नुपर्ने प्रावधान छ । *रासस*

# प्रभाव दैनिक

रूपशाला

आइतबार, २८ जेठ २०८० (Sunday, June 11, 2023)


## अस्मिता र विशालको 'दिलमा ठाउँ दियौं'

गायक विशाल निरौला र गायिका अस्मिता अधिकारीको स्वरमा रहेको 'दिलमा ठाउँ दियौं' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। गीतमा विशाल निरौलाको शब्द, संगीत, मिक्सिङ र मास्टरिङ छ। आर्ट मुभिजको प्रस्तुति रहेको भिडियोमा शिव आर ठकुरी र सिजल कडरिया फिचर्ड छन्। भिडियोमा दुवैलाई रोमान्टिक भावमा प्रस्तुत गरिएको छ। आर्टम मुभिजले चाँडै नेपाली फिल्म निर्माण गर्दैछ। अष्ट्रेलियामा फिल्म निर्माणको अध्ययन गरिरहेका शिवले बिदामा नेपाल आएको मौका पारी भिडियोमा अभिनय गरेका हुन्। रामजी लामिछानेको कोरियोग्राफी र निर्देशन रहेको भिडियोमा मानकृष्ण महर्जनको डीओपी, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोत्तानको कलर, सुदीप ढकालको प्रोडक्सन छ।





## सम्पादनमा लोकप्रिय विष्णु

■ प्रभाव संवाददाता

**काठमाडौं–** डेढ दशकदेखि म्युजिक भिडियो सम्पादनमा सक्रिय विष्णु खड्काले सम्पादन करियरमा कहिल्यै पछाडि फर्केर हेर्नु परेन। त्यसो त उनले केही भिडियोमा छायाङ्कन र अभिनय पनि नगरेका होइनन् । तर उनको लत भने सम्पादनमै बस्यो ।

विष्णुलाई 'जेल पनि सहुँला' बोलको गीतले व्यस्त बनायो । तीन वर्षअघि सार्वजनिक यो गीत कोभिड महामारीका समयमा टिकटकदेखि अन्य सामाजिक सञ्जालमा अत्याधिक चल्यो। 'यो गीतले मलाई एउटा नयाँ उचाई दियो। किनकी यसमा मैले गरेको मेहनत देखेपछि अन्य भिडियोका काम बढ्न थाले,' उने भने।

विष्णु सोलुखुम्बुको भकान्जे गाविस सगरडाँडामा जन्मिएका हुन् । उनले सम्पादन गरेका 'जेल पनि सहुँला,' 'रुमालै चिनो' 'धोई धोई,' 'पानीको फोका जस्तै २,' 'तिमी आउन सक्छौ,'' शिरफुल' भिडियो चर्चित भिडियोमा पर्दछ। उनले हालसम्म एक हजार बढी भिडियोमा सम्पादन र कलर ग्रेडिङ गरिसकेका छन्। उनले ३ नेपाली फिल्मको पनि सम्पादनको काम गरेका छ। 'मेरो शारीरिक कारण र कम्प्युटरमा काम गर्न मनपराउने भएका कारण सम्पादन तिर लागें। मैंले एरिना मल्टी मिडिया एकेडेमीबाट डिजिटल फिल्म मेकिङमा डिप्लोमा सकेपछि सम्पादन विधामा लागेको हुँ,' अभिनय र छायाङ्कन क्षेत्रमा नजानुको कारण खुलाउँदै विष्णु भन्छन्।

विष्णुले हालसम्म पहिलो र तेस्रो ज्योति फिल्मस म्यूजिक अवार्डमा 'बेस्ट भिडियो सम्पादक अवार्ड,' बिराट फिल्मस म्यूजिक अवार्डमा 'बेस्ट भिडियो सम्पादक अवार्ड,' दोस्रो ओ एस नेपाल म्यूजिक अवार्डमा पनि 'बेस्ट भिडियो सम्पादक् अवार्ड,' हिमालयन इन्टरनेशनल म्यूजिक अवार्डमा 'बेस्ट भिडियो सम्पादक अवार्ड,' बक्स अफिस म्यूजिक अवार्डमा पनि 'बेस्ट भिडियो सम्पादक म्यूजिक अवार्ड,' एएमएस नेशनल अनर एण्ड अवार्ड २०७९, बोस्टर म्यूजिक अवार्ड कलाकार सम्मान, ब्लक बस्टर नेपाली फिल्म अवार्ड २०७७ सम्मान,सन्ध्या फाउन्डेशन फापरे फिल्मस सम्मानलगायतका सम्मान र अवार्ड पाइसकेका छन्।

## शोभितको बद्रीबहादुरको पोस्टर सार्वजनिक

**काठमाडौं (प्रस)** – शोभित बस्नेत निर्देशित फिल्म 'बद्री बहादुर'को दुई पोस्टर शुक्रबार सार्वजनिक गरिएको छ । फिल्म साउने संक्रान्तिको अवसर पारेर आगामी असार २९ गते रिलिज हुँदैछ।

सञ्चारकर्मी रवि अधिकारी कार्यकारी निर्माता रहेको फिलममा जयकिशन बस्नेत, छुल्ठिम गुरुङ, राजीवजंग बस्नेत, धिरेन शाक्य, शोभित बस्नेत, उत्तम केसी, लय संग्रौला र एलिना गुरुङलगायतका कलाकारको अभिनय छ।

समीर मिया सह-निर्माता रहेको फिल्ममा सलोन बस्नेत र पूजा शर्माको विशेष भुमिकामा अभिनय छ।




फिल्ममा रामकाजी घिमिरेको लेखन, विनोद सापकोटाको छायांकन, टंक बुढाथोकी र उजन नेम्वाङको संगीत, शिव विकको नृत्य, शंकर महर्जनको द्वन्द्व र बन्दे प्रसादको सम्पादन छ।

एबी पिक्चर्स फार्म र सलोन सलीना फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्म काठमाडौं, लमजुङ, धरान र संखुवासभामा छायांकन गरिएको छ। विजय गोपाली दली प्रस्तुतकर्ता रहेको फिल्ममा मिथुन भोटे निर्माता छन्। फिल्मको वितरण आरआर फिल्मस्ले गर्दै छ।

## 'अर्केष्ट्राले नेपाली कला र संस्कृतिको प्रवर्द्धन गर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्गीतको प्रवर्द्धनका लागि नेपाल सरकारको तर्फबाट विशेष सहयोग हुने बताएका छन् । प्रधानमन्त्री दाहालले आफूले पहिलो पटक प्रधानमन्त्री हुँदा नै गीत सङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण काम गरेको उल्लेख गर्दै यस पटक पनि ज्यापू महागुठीले उठाएको माग सम्बोधन गर्ने विश्वास दिलाए।

अन्तर्राष्ट्रिय सङ्गीत दिवसको अवसर पारेर ज्यापू महागुठी र काठमाडौं महानगरपालिकाले आयोजना गरेको नेपाल अर्केष्ट्रा-११४३ को उद्घाटन गर्दै प्रधानमन्त्रीले हरेक जसो कार्यक्रममा भाषणले नै प्रमुखता पाउने भएकाले कार्यक्रमको महत्त्व नै घट्ने गरेकातर्फ सबैको ध्यानाकर्षण गराए।

प्रधानमन्त्रीले अर्केष्ट्राले संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा योगदान गर्नेमा आफूले विश्वास लिएको तथा संस्कृति संरक्षणका लागि ज्यापू गुठीलगायत यस क्षेत्रमा लागेका सबैलाई सरकारले सहयोग गर्ने बताए।

आर्केष्ट्रामा चार सय कलाकारले एकैपटक विभिन्न बाजा बजाएका छन् । बागमती प्रदेशका पर्यटन, उद्योग तथा सहकारीमन्त्री पुकार महर्जनले संस्कृति, कलाको संरक्षण गरेर मात्रै मुलुकभित्र पर्यटक भित्र्याउन र त्यसलाई आर्थिक विकासमा केन्द्रित गर्न सकिने बताए।

आगामी आवको बजेटमा काठमाडौं उपत्यकाको कला संस्कृतिको संरक्षणका लागि बजेट व्यवस्थापन गरिने उनको भनाइ छ। बागमती प्रदेशभित्र नेवाः र तामाङ भाषालाई कामकाजी भाषाका रूपमा प्रयोग गर्ने वातावरण तय भएको उनले जानकारी दिए।

काठमाडौं महानगरपालिकका उपप्रमुख सुनिता डङ्गोलले काठमाडौंलाई सांस्कृतिक नगरी बनाउने सपना देखेको र त्यसलाई पूरा गर्न आफूहरूले मूर्त अमूर्त कला तथा संस्कृतिको प्रवर्द्धन गर्दै आएको बताइन्। उनले देशभित्र रहेका बाजा घन्काउने उद्देश्य राखेकामा त्यो पूरा भएको उल्लेख गरिन्।

सांस्कृतिक विविधता, भाषाभाषी, सङ्गीतमा विविधता भएपछि एक अर्कामा अन्तरसम्बन्धित र एकीकृत रहेको उनको भनाइ थियो। मुलुकको विकासका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच एक आपसमा मिलेर अगाडि बढ्नु जरुरी रहेको उपप्रमुख डंगोलको भनाइ छ।

ज्यापू महागुठीका अध्यक्ष राजभाई जकमीःले युवा पुस्तालाई नेपाली कला तथा संस्कृतिको महत्त्व बुझाउनका लागि यस खालको कार्यक्रमको आयोजना गरिएको जानकारी दिए। उनले लोक सङ्गीतको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रम आफैंमा महत्वपूर्ण रहेको बताए।

सांस्कृतिक सहरको पहिचान बनाउन सफल काठमाडौं महानगर पालिकाको संयुक्त प्रयासमा यस अकेष्ट्राको आयोजना गरिएको जकमीले जानकारी दिए।

# रंगशाला

## नेपाल नेदरल्याण्डस्सँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी एकदिवसीय विश्वकप छनोटको तयारी स्वरूपको दोस्रो एकदिवसीय अभ्यास खेलमा नेपालले नेदरल्याण्ड्ससँग हार व्यहोरेको छ।

दक्षिण अफ्रिकामा शनिबार भएको दोस्रो अभ्यास खेलमा नेपाललाई नेदरल्याण्ड्सले ५ विकेटले हराएको हो । नेपालले दिएको १ सय ५७ रनको लक्ष्य नेदरल्याण्ड्सले ५ विकेट गुमाएर ३६ दशमलव १ ओभरमा पूरा गर्‍यो।

नेदरल्याण्ड्सको जितमा विस्ली बार्सीले ८८ बलमा ६३ रनको अर्धशतकीय ईनिङ खेले। विक्रमजित सिंहले ४० बलमा २१ रन बनाए। कप्तान स्कट एडवार्डले २२ रन बनाए।

नेपालका लागि गुलसन झा तथा ललितनारायण राजवंशीले समान २/२ तथा प्रतिश जिसीले १ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ३६ दशमलव १ ओभरमा अलआउट हुदै १ सय ५६ रन बनायो । नेपालका लागि कप्तान रोहित पौडेल सर्वाधिक ३० रन बनाएर आउट भए। गुलसन झाले २४ रन बनाउँदा आरिफ शेखले १८ रन बनाए। नेपालका लागि ओपनर आसिफ शेख ४ रनमा आउट भएका थिए। तेस्रो नम्बरमा आएका अर्जुन साउदले पनि ४ रन मात्र बनाए।

अर्का ओपनर कुशल भुर्तेल ९ रनमा आउट भए। दीपेन्द्रसिंह ऐरी ६ रनमा आउट भए। भीम सार्कीले १० रन बनाए। प्रतिश जि.शीले १९ तथासोमपाल कामीले १८ रन बनाए।

नेदरल्याण्ड्सका लागि एल भि भान बीकले ५ तथा शरिज अहमदले १ विकेट लिए।

यसअघि बिहीबार भएको पहिलो अभ्यास खेलमा नेपाललाई स्कटल्याण्डले ७ विकेटले हराएको थियो । अब नेपाली टोली दक्षिण अफ्रीकाबाटै जिम्बावे जाने छ । जिम्बावेमा आयोजना हुने विश्वकप छनोट प्रतियोगितामा १० टोलीको सहभागीता रहेको छ। सहभागी दश टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।

प्रतियोगितामा नेपाल समूह ए मा रहेको छ। नेपालको समूहमा आयोजक जिम्बावे,वेस्ट इन्डिज,नेदरल्याण्ड्स र अमेरिका रहेका छन्। १८ जुन अर्थात असार ३ मा जिम्बावेसँग खेल्दै नेपालले प्रतियोगिताको सुरुआत गर्नेछ।

दोस्रो खेलमा २० जुन अर्थात् असार ५ मा अमेरिकासँग खेल्ने नेपालको तेस्रो खेल वेस्ट इन्डिजसँग २२ जुन अर्थात असार ७ मा रहेको छ । नेपालले समूह चरणको अन्तिम खेलमा नेदरल्याण्ड्ससँग २४ जुन अर्थात असार ९ मा खेल्नेछ। समूह बी मा श्रीलंका, आयरल्याण्ड, स्कटल्याण्ड,ओमान र युएई रहेका छन्।

आ-आफ्नो समूहका शीर्ष ३ टोलीहरू सुपर सिक्समा प्रवेश गर्नेछन्। सुपर सिक्समा एक समूहका टोलीले अर्को समूहका टोलीसँग प्रतिस्पर्धा गर्ने छन्। सुपर सिक्सको शीर्ष दुईमा रहने टोली अक्टोबरमा भारतमा आयोजना हुने आइसिसी एकदिवसीय विश्वकपमा छनोट हुनेछ।

१३ राष्ट्र सहभागी विश्वकप सुपर लिगको शीर्ष ८ मा रहि विश्वकप आयोजक भारत, पाकिस्तान, अस्ट्रेलिया, न्युजिल्याण्ड, बंगलादेश, इंग्ल्याण्ड, दक्षिण अफ्रिका र अफगानिस्तान सिधा विश्वकपका लागि छनोट भईसकेका छन्।

### एएफसी यू-२० महिला एसियन कप

## नेपालको लगातार तेस्रो पराजय

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी यू-२० महिला एसियन कप छनोटको दोस्रो चरणमा नेपाल जित विहीन बनेको छ । म्यान्मारमा शनिबार तेस्रो तथा अन्तिम खेलमा चाईनिज ताइपेसँग ५-० ले पराजित भएपछि नेपाल जित विहीन बनेको हो।

यानगोनस्थित थुवुन्ना स्टेडियममा खेलको नवौं मिनेटमा लिउ यू चीओले गोल गर्दै ताइपेलाई सुरुआती अग्रता दिलाएका थिए। खेलको २० औं मिनेटमा लाई यू चीले गोल गर्दै टोलीको अग्रता २-० को बनाए। ३६ औं मिनेटमा शिन यी चिङले गोल गर्दै ताइपेलाई ३-० को अग्रता दिलाए।

खेलको ४१ औं मिनेटमा हि जिया शिउअनले गोल गर्दै ताइपेलाई ४-० को अग्रता दिलाए।

त्यसपछि खेलको ४५ औं मिनेटमा हि जियाले व्यक्तिगत दोस्रो गोल गर्दै ताइपेलाई ५-० को जित दिलाए। समूह 'बी' मा रहेको नेपालले पहिलो खेलमा म्यानमारसँग ५-० र



दोस्रो खेलमा चीनसँग ५-० कै हार बेहोरेको थियो । छनोटको समूह 'बी' को नेपाल अंक विहीन रहदै पुछारमा रह्यो । ताइपेको यो पहिलो जित हो।

प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल दोस्रो चरणमा पुगेको हो। समूह 'बी' मा रहेको नेपाल समूह विजेता बन्दै दोस्रो चरणमा पुगेको हो।

## रग्बी सेभेन्सको उपाधि हेटौंडा र कर्णालीलाई

■ प्रभाव संवाददाता

**हेटौंडा–** यू-२० राष्ट्रिय रग्बी सेभेन्सको उपाधि कर्णाली रग्बी क्लब र हेटौंडा रगर्सले जितेका छन्। इलामको माई नगरपालिका-४ शुक्रबारे खेलमैदानमा शनिबार सम्पन्न प्रतियोगितामा पुरुषतर्फ कर्णाली र महिलातर्फ हेटौंडा विजयी भएको हो। कर्णालीले कटारी रग्बी क्लबलाई १५-५ अङ्कले तथा हेटौंडाले हिमालयन टाइगर रग्बी क्लबलाई १४-५ अङ्कले पराजित गर्दै उपाधि जितेको हो । विजेता दुवै टोलीले रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। उपविजेता दुवै टोलीले रु ३० हजार,




मेडल र प्रमाणपत्र पाए।

प्रतियोगिताका विजेता तथा उपविजेतालाई माई नगरपालिकाका नगरप्रमुख खम्बसिंह लिम्बू, नेपाल रग्बी सङ्घका बरिष्ठ उपाध्यक्ष चेतनराज गिरी, महासचिव गोविन्द घिमिरे, उपाध्यक्ष किरण गिरी, केन्द्रीय सदस्य सन्तकुमार मेहतालगायतले पुरस्कार प्रदान गरे। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुरुषतर्फ कर्णालीका रोहन डङ्गोल र महिलातर्फ हेटौंडाकी पुष्पा खड्का घोषित भए। दुवैजनाले जनही रु पाँच हजार पुरस्कार प्राप्त गरे। यस्तै उदीयमान खेलाडी कटारीका नविन दर्लामी र विडिसा राई घोषित भए।

नेपाल रग्बी सङ्घको आयोजनामा भएको उक्त प्रतियोगिताका लागि प्रदेश रग्बी सङ्घ, जिल्ला रग्बी सङ्घ इलाम र माई नगरपालिकाले सहजीकरण गरेको थियो । प्रतियोगितामा पुरूष र महिलातर्फ कोशी प्रदेशबाट कटारी रग्बी क्लब, मधेस प्रदेशबाट बर्दिबास रग्बी क्लब, बागमती प्रदेशबाट हेटौंडा रगर्स, कर्णाली प्रदेशबाट कर्णाली रग्बी क्लब र राष्ट्रिय क्लब हिमालयन टाइगर रग्बी सहभागी भएका थिए । आगामी अगष्तमा नेपालमा हुने यू-२० एसिया रग्बी सेभेन्सका लागि नेपाली टोली छनोट गर्न प्रतियोगिता आयोजना गरिएको नेपाल रग्बी सङ्घका बरिष्ठ उपाध्यक्ष गिरीले जानकारी दिए।



व्यावसायिक खेती | उत्तरपश्चिमी चीनको निंजिया हुई स्वायत्त क्षेत्रको हेलान पर्वतको फेदमा लगाइएको वाइन ग्राप अर्थात् अंगुरको बिरुवा ।
*तस्बिरः सिन्हवा*

# हिंसाले बदनाम श्रीनगर सभा, सम्मेलनबाट सुनाम कमाउने प्रयासमा

**श्रीनगर (भारत प्रशासित जम्मुकाश्मिर)-** कुनै समय हत्या, हिंसा, आतंक र अतिवादी आक्रमणले आक्रान्त एवं अस्तव्यस्त हुने गरेको भारत प्रशासित जम्मुकाश्मिरको राजधानी श्रीनगर अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका सभा सम्मेलन आयोजना केन्द्रका रूपमा रूपान्तरण हुन थालेको छ ।

युरोपेली संघ, औद्योगिक एवं विकासोन्मुख राष्ट्रसहित विश्वका सबैभन्दा ठूला अर्थतन्त्र भएका १९ देश मिलेर बनेको अन्तरसरकारी मञ्च जी-ट्वेन्टीको अन्तर्राष्ट्रियस्तरको सम्मेलन हालै श्रीनगरमा सफलतापूर्वक सम्पन्न भएपछि अन्य सभासम्मेलन पनि हुन थालेका छन् ।

राज्य सरकारका अनुसार आगामी असार १४ देखि १८ गतेसम्म कानुनी सेवासम्बन्धी राष्ट्रियस्तरको सम्मेलन हुने भएको छ । देशभरका उच्च अदालतका २०० न्यायाधीश पहिलोपटक आयोजना गरिएको यस्तो सम्मेलनमा सहभागी हुन श्रीनगरमा भेला हुने भएका छन् । गत मेमा यस्तै प्रकृतिको राष्ट्रिय सम्मेलन र हालै मञ्च जी-ट्वेन्टीको बैठक सफलतापूर्वक सम्पन्न भएपछि विगतमा हिंसाले धूमिल पारेको श्रीनगरको छवि पुनःस्थापना गर्न पनि कानुनी सेवासम्बन्धी राष्ट्रिय सम्मेलन श्रीनगरमा आयोजना गर्ने निर्णय भएको अधिकारीले बताएका छन् ।

सम्मेलनमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश डी वाई चन्द्रचुड, केन्द्रीय कानुन तथा न्याय राज्यमन्त्री अर्जुनराम मेघवालसहित २०० जनाभन्दा बढी न्यायाधीश, कानुन र न्याय क्षेत्रका प्रवुद्ध व्यक्तिले भाग लिने जम्मुकाश्मिर कानुनी सेवा प्राधिकरणले बताएको छ । जम्मुकाश्मिर र लद्दाख उच्च न्यायालयका प्रधानन्यायाधीशको संरक्षकत्वमा रहेको उक्त प्राधिकरण र केन्द्रीय कानुनी सेवा प्राधिकरणका पदाधिकारी सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न अहोरात्र खटेका छन् । सम्मेलनका सारतत्त्व र विषयगत एवं प्राविधिक पक्षमा त्रुटि हुन नदिन विषयविज्ञ र जानकार अधिकारी एवं कर्मचारी परिचालन गरिएको छ ।

हरेक विवादको सौहार्द्रपूर्ण समाधान गर्न तथा समाजका कमजोर वर्गलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने उद्देश्यले कानुनी सेवा प्राधिकरण ऐनअन्तर्गत सन् १९८७ मा राष्ट्रिय कानुनी सेवा प्राधिकरण स्थापना भएको हो । कानुन र न्यायमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले प्राधिकरणलाई स्वायत्तता प्रदान गरेको छ । *रासस/सिन्ह्वा*

# विमान दुर्घटनाको ४० दिनपछि चार बालबालिकाको जीवितै उद्धार

**बोगोटा-** जीवन र मृत्युलाई लिएर गाउँघरमा बूढापाकाले भन्ने 'मर्ने बाँच्दैन, बाँच्ने मर्दैन' अर्थात् गर्भमै निर्धारित जन्म-मृत्यु विधाताले निर्धारण गरेको समयमा नै हुन्छ, जसको भाग्यमा मृत्यु निर्धारण भएको छ त्यस प्राणीलाई बचाउन सकिँदैन अनि जसलाई जीवन जिउने समय दिइएको छ उसलाई कालले पनि केही गर्न सक्दैन ।

कोलम्बियामा यस्तै चमत्कार भएको छ । देशको राष्ट्रिय सेनाले ४० दिनअघि सेस्ना २०६ विमान दुर्घटनामा परेका हुइटोटो आदिवासी समूहका चार जना बालबालिकाको जीवितै उद्धार गरेको छ । कोलम्बियाका अधिकारीका अनुसार उनीहरूले देशको अमेजन जंगलबाट तेह्र, नौ, चार र एक वर्षका बालबालिकालाई उद्धार गरेका गएराति उद्धार गरेका हुन् ।

सान होसे डेल ग्वाभियर सहरतर्फ गइरहेको सानो सेस्ना २०६ विमान अराराकुरा जंगलमा दुर्घटना हुँदा विमानका चालक र ती बालबालिकाका आमा र एक जना स्थानीय आदिवासी नेताको मृत्यु भएको थियो । घटनास्थलमा उनीहरूका शव भेटिएका थिए तर विमानमा सवार ती बालबालिका हराइरहेका थिए ।

विमान जंगलका रुखमा वृक्षझैं ठडिएको अवस्थामा भेटिएको थियो । अधिकारीका अनुसार सशस्त्र समूहको धम्कीका कारण भागेका उनीहरू विमान दुर्घटनामा परेका हुन् । सरकारी अधिकारीका अनुसार सशस्त्र समूहको धम्कीका कारण भागेका उनीहरू विमान दुर्घटनामा परेका हुन् ।

दुर्घटनापछि हराएका बालबालिकाको खोजी गर्न कोलम्बिया सरकारले १६० जना सिपाही र जंगल क्षेत्रको सम्पूर्ण जानकारी भएको ७० जना आदिवासी जनजाति सम्मिलित एक विशाल टोली परिचालन गरेर खोजी प्रारम्भ गरेको थियो जसले विश्व समुदायको ध्यान आकर्षित गरेको थियो ।

हिंस्रक जंगली जनावर, विषालु सर्प र सशस्त्र लागुऔषध तस्कर समूहको आधार इलाकामा उनीहरूको खोजी गर्नु चानचुने काम थिएन तर खोजी टोलीले खुट्टाको छाप, एक डाइपर, आधा खाएको फल भेटेपछि आफू सही बाटोमा रहेको विश्वासका साथ खोजीलाई निरन्तरता दिएको थियो ।

उद्धार टोली केटाकेटीहरू भौतारिन सक्ने र भेट्टाउन अझ गाह्रो हुने चिन्ताले ग्रसित थियो । वायुसेनाले १० हजारभन्दा बढी पर्चा स्पेनिस र बालबालिकाको आफ्नै आदिवासी भाषामा छापेर जंगलमा फ्याँकेको थियो जसमा उनीहरूलाई कतै नजान अनुरोध गरिएको थियो ।

ती पर्चामा भयावह त्यस जंगलमा कसरी बाँच्ने भन्नेबारेमा सुझाव पनि समेटिएका थिए भने खानाका थैला र पानीका बोतल पनि खसालिएका थिए । साथै, उद्धारकर्ताले बालबालिकाकी हजुरआमाले रेकर्ड गरेको सन्देश पनि 'लाउड स्पिकर'बाट बजाउँदै उनीहरूलाई कतै नजान आग्रह गरेका थिए । अन्ततः ती बालबालिका दुर्घटनास्थलबाट करिब पाँच किलोमिटर पश्चिममा फेला पारेका थिए ।

बेपत्ता ती बालबालिकामध्ये केही सिकार गर्न र माछा मार्न अभ्यस्त रहेका तिनका हजुर बुबा फिडेन्सियो भ्यालेन्सियाले एएफपीलाई बताएका थिए । साथै, उनीहरू जंगलसँग राम्ररी परिचित पनि थिए । राष्ट्रपति गुस्ताभो पेट्रोले उनीहरूको जीवितै उद्धार गरिएको घोषणा गर्दै 'आज हामीले एउटा चमत्कारपूर्ण दिन बिताएका छौं' भनेका छन् । हेलिकप्टरबाट उनीहरूको उद्धार गरिएको हो । बालबालिकाको स्वास्थ्यस्थिति नाजुक भएकाले तत्काल अस्पताल पुऱ्याइएको छ ।

राष्ट्रपतिले ट्वीटरमा सार्वजनिक गरेको तस्बिरमा सैन्य पोसाकमा रहेका केही मानिसका माझमा उद्धार गरिएका कमजोर बच्चा देखिन्छन् भने एक जना उद्धारकर्ताले सबैभन्दा सानो बच्चालाई काखमा राखेर उसको मुखमा दूधको बोतल राखेको देखिन्छ । *रासस/एएफपी*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YONG SHUO TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०७८/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२६ | LT. No. 255635 | चलानी नं.६०१७२५५०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४२,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 1200 | ४२,९४५ | | | | | | | |
| 3 | Stone Mason | 25 | 0 | 1200 | ४२,९४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ३ गते (18th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SR GROUP NEPAL PVT.LTD**

श्रम इजाजत नं. १२५९/०७४/०७५

Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269


## हाम्रो त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लि.
## Hamro Triveni Saving & Credit Co-Operative Ltd.

का.म.न.पा.-६, बौद्ध काठमाडौं, फोन नं. ०१-४९१२८९७, ४९१०५०८

### धितो लिलाम विक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२८**

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी एवं धितो जमानीकर्ताले उपभोग गरेको ऋणको सावा ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई ऋण सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत तिर्न बुझाउनु पर्ने ऋणको सावा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाकी रहेको हुनाले यो धितो लिलाम सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बैसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवम् ऋणी तथा जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिनभित्र चुक्ता गर्नुहुन समेत अनुरोध गदर्छौं । अन्यथा सूचना प्रकाशित भएको ३५ औं दिनमा प्राप्त बोलपत्र खोलिने छ । साथै लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफूले दिएको जमानतको घरजग्गा फिर्ता लिन ऋणको सावा, ब्याज, हर्जना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी सम्बन्धी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन वमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी ऋणीलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पत्ति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भई वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भई वा संस्था आफैले सकार गरी लियो भनी कहीकतै उजुरबाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस सस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन वमोजिम कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**तपसिल**

| सि.नं | ऋणीको तीनपुस्ते, नाम र ठेगाना | धान जमानी दिनेको तीन पुस्ते, नाम र ठेगाना |
|---|---|---|
| १. | **नाम : शम्भु थापा**<br>बुबा : टेक बहादुर थापा<br>बाजे : धिर बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५१४१४७/०५६ चितवन<br>जारी मितिः २०५६।०८।१७ | **नाम : उमा श्रेष्ठ थापा**<br>बुबा : नरेन्द्र कुमार श्रेण्ठ<br>पति : शम्भु थापा<br>ससुरा : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा.वडा नं. १२)<br>ना.प्र.न. ३५७३८२/१७६२ चितवन<br>जारी मितिः २०५९।०३।२४<br><br>**२. नाम : प्रेममति देवी थापा**<br>पति : टेक बहादुर थापा<br>ससुरा : धिर बहादुर थापा<br>ठेगानाः चितवन जिल्ला भरतपुर माहानगरपालिका वडा नं. १२ (साविक चितवन जिल्ला भरतपुर गाविस वडा नं.१२ (ना.प्र.न. १५६० चितवन<br>जारी मितिः २०४५।०१।०७) |
| **धितोको विवरणः**<br>१. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला मंगलपुर गाविस वार्ड नं.१ को कित्ता नं. १८८७ को जम्मा क्षेत्रफल १६९३.१५ वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>२. श्री शम्भु थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वार्ड नं. ७ को कित्ता नं. १६३, १५३ र १५८ को क्षेत्रफल ३३८.६३, ४२३.२८ र ९३१.२१ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत ।<br>३. श्री प्रेममति देवी थापाको नाममा श्री मालपोत कार्यालय माडी चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गर्दी गाविस वडा नं.७ को कित्ता नं.१५५, १६० र १६५ को क्षेत्रफल ११७६.७२, ५७९९.०३ र ३८६०.३७ वर्ग मिटर जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |
| २. | **नाम : सविता कोइराला**<br>बुबा : मोहन प्रसाद घिमिरे<br>पति : विष्णु प्रसाद कोइराला<br>ससुरा : भगिरथ कोइराला<br>ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.१० (साविक काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.१०,<br>ना.प्र.न.२७-०१-७५-०७७०८) काठमाडौं<br>जारी मितिः २०७५।५।१७ | **नाम : विष्णु प्रसाद कोइराला**<br>बुबा : भगिरथ कोइराला<br>बाजे : दशरथ कोइराला<br>ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा वडा नं. १० (साविक मोरङ जिल्ला बरडंगा गाविस वडा नं.७<br>ना.प्र.न. ९९७४ मोरङ<br>जारी मितिः २०४५।२।९ |
| **धितोको बिवरणः** श्री सविता कोइरालाको नाममा श्री मालपोत कार्यालय साँखु काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला साबिक गागलफेदी गाविस वडा नं. ४ कित्ता नं. ५४२ को क्षेत्रफल ०-४-०-१ (रोपनी) जग्गा र सो ले चर्चेको लिगलगापात समेत | | |
| ३. | **नाम : डायना मुल**<br>बुबा/पति : लोकमान मुल/ : प्रभुराम श्रेष्ठ<br>ससुरा : भिमलाल श्रेष्ठ<br>ठेगाना : काभ्रे जिल्ला, मन्डन देउपुर न.पा., वडा नं. ७ (साविक सिन्धुपाल्चोक जिल्ला बाह्रविसे गाविस वडा नं.९)<br>ना.प्र.न. ११९८०२ सिन्धुपाल्चोक<br>जारी मितिः २०६०।०८।१० | **नाम : प्रभुराम श्रेष्ठ**<br>बुबा : भिमलाल श्रेष्ठ<br>बाजे : रुद्रलाल श्रेष्ठ<br>ठेगाना : काभ्रे जिल्ला, मन्डन देउपुर न.पा., वडा नं. ७ (साविक काभ्रे जिल्ला महादेवस्थान गाविस वडा नं.८)<br>ना.प्र.न. ९०८३७ काभ्रे<br>जारी मितिः २०५७।०२।११ |
| **धितोको बिवरणः** श्री डायना मुलको नाममा श्री मालपोत कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गाविस वडा नं.९ कित्ता नं.२५३१, ३००७, २५७५, ३००५, २५५० र ३००९ को क्षेत्रफल ३७.७६, ३७.७६, ५५.६४, ५.९७, ५.९७ र १५.९० वर्ग मिटरको जम्मा जग्गा र सो ले चर्चेको लिगलगापात समेत | | |
| ४. | **नाम : गिता थापा**<br>बुबा : तेज बहादुर थापा<br>पति : ज्ञान बहादुर थापा<br>बाजे : हर्क बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२ (साविक चितवन जिल्ला भरतपुर न.पा.वडा नं. १२)<br>ना.प्र.न. ४१९ चितवन<br>जारी मितिः २०४५।०३।२१ | **नाम : सुनिल थापा**<br>बुबा : ज्ञान बहादुर थापा<br>बाजे : टेक बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१२ (साविक चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. १२)<br>ना.प्र.न. ३५/३५१०२५/६८) चितवन<br>जारी मितिः २०६७।०१।१५ |
| **धितोको बिवरणः** श्री गिता थापाको नाममा श्री मालपोत कार्यालय भरतपर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला भरतपुर गाविस वडा नं. ३ को कित्ता नं. ८२८९ को जम्मा क्षेत्रफल १६९.३० वर्ग मिटर जग्गा र सो ले चर्चेको लिगलगापात समेत । | | |

**शर्तहरू :**

१. बोलपत्र फाराम यस संस्थाको कार्यालयहरूबाट रु.१०००।- (अक्षेरूपी एक हजार रूपैया मात्र) मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अकं र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्छ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पतीको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइनेछ ।
३. बोलपत्रमा आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको केन्द्रीय कार्यालयको नाममा रहेको **नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.**को बौद्ध शाखामा रहेको खाता न 11101050001793 मा जम्मा गरेको सक्कल भौचर वा यस सस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम विक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको केन्द्रीय कार्यालय का.म.न.पा.पा. बौद्धमा कार्यालय सञ्चालन समयभित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनछ । साथै सोहि अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनू पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूजिगत लाभकर, पानी बत्ति बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७. रित नपूगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धी सम्पूर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरू रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरूप राखेको रकममा ब्याज दाबी गर्न पाइने छैन ।
१०. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सो को भोलपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । लिलाम सूचना प्रकाशित मितिले ३५ औं दिन दिउँसो कार्यालय सञ्चालन समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिनेछ । यदि ३५ औं दिनमा सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । ३५ दिनसम्म ऋणी वा धितोवालाले सस्थाको ऋण चूक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४



आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११२५०० | प्रति तोला - १११९५० | प्रति तोला - १४५५ |



बागलुङको काठेखोला गाउँपालिका-३ स्थित धम्जागाउँ । पछिल्लो समय बसाइँसराइ गरेर बजार क्षेत्रमा जान थालेपछि गाउँ सुनसान बन्दै गएका छन् ।
*तस्बिर : डम्मर बुढामगर/रासस*

# म्याग्दीका ४०० घरधुरीमा विद्युतीकरण

**म्याग्दी (प्रस)**– म्याग्दीको मालिका गाउँपालिकाको दुई वटा वडाका चार सयभन्दा बढी घरधुरीमा विद्युतीकरण भएको छ । भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने मालिकाको वडा नम्बर २ र ३ मा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको हो ।

नेपाल विद्युत् प्राधिकरणको बेनी वितरण केन्द्रले संरचना निर्माण, ट्रान्सफर्मर चार्ज गरेर शनिबारदेखि विद्युत् आपूर्ति गराइएको जानकारी दिएको छ । केन्द्रका प्रमुख प्रशान्तकुमार झाले रुम ठूलोगाउँ, बिलबाङ, पन्थोक, गाल्दा टोलका तीन सय घरधुरीमा विजुली बलेको जानकारी दिनुभयो । यसैगरी मालिकाको वडा नं-३ मा पर्ने औंला, स्याउलुङ, टिकरवाङ, डाडागाउँका एक सय १५ घरधुरीमा पनि विद्युत् विस्तार गरिएको उहाँको भनाइ छ ।

'दुई वटा वडामा विद्युतीकरणका लागि न्यू ढुङ्गाना निर्माण सेवा बेनीले रु एक करोड ६१ लाख १३ हजारमा ठेक्का लिएको थियो,' उनले भने, 'नेपाल सरकारको ग्रामीण विद्युतीकरण कार्यक्रमको रु एक करोड २६ लाख ६४ हजार र विद्युत् प्राधिकरणको रु २४ लाख ५० हजार बजेट लगानी भएको छ ।'

ठेक्कामार्फत मुख्य, शाखा प्रसारण लाइन विस्तार गर्न पोल गाड्ने, तार तान्ने, ढुवानी गर्ने, ट्रान्सफर्मर ढुवानी र जडान गरिएको हो । मिटरबक्स जडान र वायरिङको काम उपभोक्ता आफैँले गरेका हुन् । मालिका-२ का वडाध्यक्ष उदयबहादुर बुढाथोकीले केन्द्रीय लाइनको बिजुली बलेपछि स्थानीयमा खुसियाली छाएको बताए ।

'लघु जलविद्युत् परियोजनाबाट विद्युत् आपूर्ति हुँदै आएको थियो,' उनले भने,'केन्द्रीय लाइनको बिजुली भएपछि उद्यम, व्यवसाय सञ्चालन गर्न पनि सहयोग पुग्नेछ ।' शनिबार बिजुली बलेको खुसियालीमा रुमवासीले नाच गान गरेर खुसियाली मनाएका छन् । मालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा भएपछि स्थानीयलाई घरायसी काम काज गर्न, विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन र सार्वजनिक सेवा प्रवाहमा सहज भएको बताए ।

बेली, जेमलगायत छुटेका बस्तीमा पनि केन्द्रीय लाइनको विद्युत् विस्तार गर्न पहल गरिएको जनप्रतिनिधिहरूले बताएका छन् । लघु जलविद्युत् परियोजनाको विद्युत् नियमित नहुँदा सौर्य ऊर्जा र टुकीमा निर्भर हुनुपरेको थियो ।

नेपा ल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रअन्तर्गत पर्वतको जलजला गाउँपालिकाको मल्लाज, बाँसखर्कसहित करिब २२ हजार घरधुरीमा केन्द्रीय लाइनको विद्युत् विस्तार भएको छ ।

# सरकार 'फेसलेस गभर्नेन्स'तर्फ उन्मुख छ : मन्त्री शर्मा

■ प्रभाव संवाददाता



**काठमाडौं**– सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) कार्यान्वयनमा सरकार कडाइका साथ लागेको भन्दै यसमा सहयोग गर्न मोबाइल व्यवसायीहरूलाई आग्रह गरेकी छिन् ।

मन्त्री शर्माले कर छली हुन नदिन ल्याइएको प्रणाली कार्यान्वयनमा सहयोग गर्ने व्यवसायीका हितमा सरकार सहयोग गर्न सधैँ तत्पर रहेको बताइन् । नेपाल मोबाइल व्यवसायी महासङ्घको दोस्रो साधारणसभामा उनले भनिन्, 'मोबाइल मनोरञ्जनको साधन मात्र नभई अत्यावश्यकीय साधन बनिसकेको छ, २०६३ पछि बनेको सरकारका सञ्चारमन्त्री कृष्णबहादुर महरा हुँदा ल्याइएको 'हातहातमा मोबाइल, घरघरमा इन्टरनेट' अभियानलाई मूर्त रूप दिँदै वर्तमान सरकार 'फेसलेस गभर्नेन्स' तर्फ उन्मुख भइसकेको छ ।'

मन्त्री शर्माले मोबाइल आयातलाई भन्दा बिग्रेका मोबाइललाई पुनः प्रयोग गर्न सक्ने खालको उद्योग मुलुकभित्रै सञ्चालन गर्न व्यवसायीलाई आग्रह गरिन् । उनले त्यस्ता उद्योग सुरु भए रोजगारी बढ्ने र स्वदेशी मुद्रा बाहिरिन न्यूनीकरण हुने भएकाले ति व्यवसायीलाई राज्यले उचित नीतिगत सहयोग गर्न कूल बजेटको एक प्रतिशत रकम लगानी गर्ने सरकारको नीति रहेको बताए ।

नेपाल मोबाइल व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष भरत भट्टराईले बर्सेनि रु ४० अर्बभन्दा बढी राजस्व उठाउने र ५० हजारभन्दा बढी रोजगार प्रदान गरिरहेका मोबाइल व्यवसायी यतिबेला सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको बताए । मोबाइल बिक्रीमा अत्यन्तै कम 'मार्जिन' रहेको, अनलाइन तथा अफलाइनका नाममा अव्यावसायिक प्रतिस्पर्धा बढेको र मोबाइललाई बिलासिताको वस्तुका रूपमा हेरिएका कारण आयातमा कडाइ भइरहेको अवस्थाले व्यवसायी सङ्कटमा पुगेको उनको भनाइ थियो ।

अध्यक्ष भट्टराईले राज्यलाई कर तिरेको अनुपातका आधारमा पेशागत तथा सामाजिक सुरक्षाको ग्यारेन्टी गरिदिन सरकारसँग माग गरे । उनले स्वदेशमै दक्ष जनशक्ति उत्पादन गर्न सरकारलाई सहजीकरण गर्ने बताए ।

आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले विभाग र महासङ्घको सहकार्यमा व्यवसायीलाई करसम्बन्धी विषयमा सचेतना जगाउँदै अनावश्यक झन्झटबाट मुक्ति दिने प्रतिबद्धता जनाए ।

ललितपुर उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष विश्वराज बज्राचार्यले समाज रूपान्तरणमा मोबाइलले महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि त्यही व्यवसायबाट बाँच्ने व्यवसायीहरू समस्याग्रस्त रहेको सुन्दा दुःख लागेको बताए ।

मोबाइल व्यवसायी महासङ्घका महासचिव रमेशकुमार घिमिरे र कोषाध्यक्ष सन्तोष घिमिरेले महासङ्घको गत आर्थिक वर्षको साङ्गठनिक तथा आर्थिक प्रतिवेदन सार्वजनिक गरेका थिए ।

कार्यक्रममा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत, विभिन्न मोबाइल आयातकर्ता कम्पनीका प्रमुखका साथै मुलुकभरका मोबाइल व्यवसायीको प्रतिनिधिमूलक सहभागिता रहेको थियो ।

## कर्पोरेट

### प्रभु लाइफ इन्स्योरेन्सको पाँचौं वार्षिक साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)**– प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडको पाँचौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । कम्पनीका अध्यक्ष सुभाष अमात्यको अध्यक्षतामा सम्पन्न साधारण सम्पन्न सभाले समूह 'क' संस्थापक समूहका सेयरधनीका तर्फबाट शिक्षा भट्टचन, मिजास भट्टचन, श्याम कृष्ण श्रेष्ठ र सुसन शेरचनलाई सञ्चालक समिति सदस्यमा निर्विरोध निर्वाचित गरेको छ ।

कम्पनीमा शंकर गौतम तथा दिपक पाण्डेय सर्वसाधारण सेयरधनीहरूको तर्फबाट चौंथो वार्षिक साधारण सभाबाटै सञ्चालकमा रहदै आएका छन् । साधारण सभाले ९.८० प्रतिशत सेयर लाभांस र ०.५१ प्रतिशत नगद लाभांस (कर प्रयोजनको लागि) गरी जम्मा १०.३१ प्रतिशत लाभांस प्रस्ताव पारित गरेको छ ।

साधारण सभाले कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्ष सुभाष अमात्यले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन पारित गर्दै लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू समेत पारित गरेको छ । साधारण सभाले प्रभु लाइफ इन्स्योरेन्स र महालक्ष्मी लाईफ इन्स्योरेन्स बीच १:१ सेयर अनुपातमा हुने मर्जर प्रकृयालाई स्वीकृति प्रदान गरेको छ साथै, मर्जर पछि बन्ने कम्पनीको नाम प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड राख्न पनि स्वीकृति प्रदान गरेको छ ।

### सिटिजन्स बैंकद्वारा क्यूआर कोडसहितको चन्दा बाकस वितरण

**काठमाडौं (प्रस)**– सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको बागमती प्रदेश अन्तर्गत देवीघाट शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देवीघाट, नुवाकोट स्थित श्री जल्पा देवी मन्दिर लाई क्यूआर कोड भएको आधुनिक चन्दा बाकस प्रदान गरेको छ ।

देवीघाट शाखाले स्थानीय प्रतिनिधि, मन्दिर संरक्षण समितिका अध्यक्ष मानबहादुर डङ्गोल र बाँकी सदस्यहरू, बैंकका कर्मचारीहरू लगायत आसपासका प्रतिष्ठित स्थानीय र शुभचिन्तकहरूको बिच आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व पहल अन्तर्गत जल्पा देवी मन्दिर लाई चन्दा बाकसको चाबी हस्तान्तरण गरेको छ जस्मा भौतिक नगद वा क्यूआर कोड वा फोन पे एप मार्फत मन्दिरमा दान गर्न सकिन्छ । सिटिजन्स बैंक परिवार सहित देविघाट शाखाको यस सहयोगको



लागि अधिकांश सहभागीहरूले सम्मान र प्रशंसा व्यक्त गरेका छन । निकट भविष्यमा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत यस्ता कार्यक्रमहरू प्रदेशका अन्य शाखाहरू मार्फत पनि संचालन गर्ने योजना रहेको जनाएको छ । सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेको यस बकैंले आगामी दिनहरूमा अन्य सशक्त ढंगबाट यस्ता कार्यक्रमहरू अगाडि बढाउने योजना रहेको जनाएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १८३ वटा शाखा, ३ वटा विस्तारित काउण्टर, १४० वटा ए.टि.एम., ६ वटा कियोस्क सेवा र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट करिव १५ लाख ७२ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदानगर्दै आएको छ ।

# बजेटको तयारी गर्दै स्थानीय तह



**कञ्चनपुर (प्रस)**– कञ्चनपुरका स्थानीय तह आगामी आर्थिक वर्षको बजेट निमार्णको तयारीमा जुटेका छन् । यहाँका सात नगरपालिका र दुई गाउँपालिका आगामी वर्षको बजेटको तयारीका लागि बस्ती र टोल भेलाबाट योजना छनोट गर्न जुटेका हुन् ।

'वडाका जनप्रतिनिधि अहिले आ-आफ्नो क्षेत्रका गाउँ तथा टोलमा पुगेर आगामी वर्षको योजना तथा कार्यक्रमका बारेमा छलफल गरी योजना बनाउन जुटेका छौं,' कृष्णपुर नगरपालिकाका नगरप्रमुख हेमराज ओझाले भने । असार १० गते बस्ने नगरसभाबाट बजेट ल्याउने गरी तयारी भइरहेको उनले जानकारी दिए ।

नगरप्रमुख ओझाले भने, 'यस पटक हामीले स्थानीय स्रोतसाधनलाई उपयोग गरेर शिक्षा, स्वास्थ्य र पूर्वाधारमा जोड दिएका छौं ।' उनले नगरपालिकाले यस पटक रोजगार केन्द्र स्थापना गर्ने बताए । भीमदत्त नगरपालिकाले पनि असार ७ गतेको नगरसभाबाट बजेट ल्याउने तयारी गरेको छ । भीमदत्त नगरपालिकाका प्रवक्ता महेन्द्र खड्काले नगरपालिकाले सबै वडामा बस्ती भेला सकेर भेलाबाट आएका योजनाहरू वडा समितिमार्फत नगरसभामा पठाउने काम भइरहेको बताए । 'अहिले बस्ती भेलाबाट आएका योजना प्राथमिकताका आधारमा सभामा पठाउने काम भइरहेको छ,' उनले भने, 'बस्ती भेलाबाट आएका मागलाई प्राथमिकताका आधारमा आगामी वर्षको बजेटमा समावेश गरिन्छ ।'

दोधारा चाँदनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्रले असार १० गतेभित्र आगामी वर्षको बजेट ल्याउने तयारी भइरहेको बताए । उनले अहिले सबै वडामा टोल भेलाबाट योजना छनोट भइरहेको बताए । 'बस्ती भेलाबाट आएका मागलाई प्राथमिकीकरण गरेर आगामी वर्षको बजेट ल्याउने तयारीमा छौं', उनले भने, 'विगतको तुलनामा यस पटकको बजेट फरक हुन्छ ।'

बस्ती भेलामा सहभागीहरूले जनप्रतिनिधिसँग विभिन्न गुनासा राख्ने गरेका छन् । सामान्यता स्थनीलयले सीपमूलक तालिम, सडक निर्माण, ढल निकास, विद्युत्का समस्यालगायत विषय उठाउने गरेको जनप्रतिनिधि बताउँछन् ।

स्थानीय सरकार गठनपछि विभिन्न चरणमा योजना छनोट हुने गरेको छ । वैशाखभित्र सङ्घ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन प्राप्त गर्ने र दोस्रो चरणमा वैशाख मसान्तभित्र स्रोत अनुमान र कूल बजेटको सीमा निर्धारण गर्ने गरिन्छ । त्यस्तै, जेठभित्र बस्ती तथा टोल स्तरबाट योजना छनोट गरिसक्ने र असार १० गतेभित्र बजेट ल्याइसक्नुपर्ने प्रावधान छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ